जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com


छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ४४ • २०८० साल असार १८ गते सोमबार (3 July, Monday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## किर्ते नागरिकतामा उपमेयर यादवविरुद्ध मुद्दा




**टुडे समाचारदाता**

राजविराज । सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिराकुमारी यादव र उनका पति महेन्द्र कुमार यादवविरुद्ध नागरिकता समबन्धी कसूरमा आइतबार अदालतमा मुद्दा दर्ता भएको छ।

उच्च अदालत जनकपुरको राजविराज इजलासमा परमादेशपछि उपप्रमुख मिरा र उनका पति महेन्द्र विरुद्ध आइतबार जिल्ला अदालत सप्तरीमा नागरिकता सम्बन्धी कसूरमा मुद्दा दर्ता गरिएको सप्तरीका प्रहरी प्रमुख एसपी नरेन्द्रकुमार कार्कीले जानकारी दिए।

डाक्नेश्वरी नगरपालिकाका कृष्णकुमार यादवले उपप्रमुख मिरा दम्पत्ति भारतीय नागरिक रहेको र किर्ते कागजात पेश गरी नेपाली नागरिकता लिएको आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालयमा आवश्यक कारबाहीका लागि उजुरी दिएका थिए।

प्रहरीले मुद्दा नचलाएपछि उनी मुद्दा दर्ताको माग गर्दै उच्च अदालत जनकपुरको राजविराज इजलास समक्ष उच्च अदालतबाट परमादेशका लागि गएका थिए। उच्च अदालतको राजविराज इजलासले मुद्दा दर्ता गर्न परमादेशको आदेश जारी गरेपछि उनीहरु विरुद्ध नागरिकता कसूरमा मुद्दा दर्ता गरिएको छ।

'आइतबार मुद्दा दर्ता भएको छ, केही प्रमाण जुटाइसकेपछि पक्राउ पुर्जीको प्रक्रिया अघि बढाउने प्रहरीको भनाइ छ,' निवेदक कृष्णकुमार यादवले भने।

उपप्रमुख मिरा र उनका पति महेन्द्र भारतको बिहार राज्य अन्तर्गत सुपौल जिल्लाको निर्मली थाना अन्तर्गत मझारी ग्रामका बासिन्दा रहेको र किर्ते कागजात पेश गरी नेपाली नागरिकता लिएको भन्दै जिल्ला प्रशासन कार्यालयमा यादवले कारबाहीको माग गरेका थिए।

सप्तरीको साविक औरही गाविस वडा नम्बर-३ (हाल डाक्नेश्वरी नगरपालिका ६) बाट झुठो विवरणको आधारमा नागरिकता प्रमाणपत्र लिएको आरोप उपप्रमुख मिरा दम्पतिमाथि छ।

### कोशी प्रदेशमा कांग्रेस र माओवादीको दाबी

# फेरि सरकार गठन गर्ने कसरतमा एमाले, निर्णायक जसपा

**टुडे समाचारदाता**

विराटनगर। कोशी प्रदेश प्रमुख पर्शुराम खापुङले नयाँ सरकार गठनको आह्वान गरेका छन्।

उनले नेपालको संविधानको धारा १६८ को उपधारा (२) अन्तर्गत दुई वा दुई भन्दा बढी दलको नेतृत्वमा सरकार गठनको आह्वान गरेका छन्।

खापुङले नयाँ सरकार गठनका लागि असार २१ गते अपराह्न ५ बजेसम्म ४ दिनको समय दिएका छन्।

नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखले आह्वान गरेलगतै सरकारको नेतृत्वका लागि नेपाली कांग्रेस र माओवादी केन्द्रले हानथाप गर्न थालेका छन्। दुबै दलका प्रदेश सभासदहरु दलबलका साथ काठमाण्डु पुगेका छन्। माओवादीले पहिलो चरणमा सरकारको नेतृत्व गर्ने कांग्रेससित भद्र सहमति भएको दाबी गरेको छ। तर कांग्रेसले सरकारको नेतृत्वमा दाबी गर्दै माओवादीले भने जस्तो कुनै सहमति नभएको बताएको छ।

प्रदेशमा हिक्मतकुमार कार्की नेतृत्वको सरकार गत शुक्रबार ढलेको थियो। त्यसपछि कानुनी परामर्शमा रहेका प्रदेश प्रमुख खापुङले सरकार गठनको आह्वान गरेका छन्।

यसअघि एमालेले संविधानको धारा १६८ को उपधारा (२) को प्रयोग भइसकेको भन्दै सोही धाराको उपधारा (३) अनुसार ठूलो दलको नेतृत्वमा सरकार गठनको आह्वान हुनुपर्ने दाबी गर्दै आएको थियो। प्रदेश प्रमुख खापुङलाई नेपाल सरकार महान्यायाधिवक्ताको कार्यालयले पनि संविधानको धारा १६८ को उपधारा २ अनुसार नै सरकार गठन गर्न राय सुझाव दिएको छ।

प्रदेश प्रमुखबाट सरकार गठनको आह्वान भएसँगै एमाले, कांग्रेस, माओवादीलगायतका दलहरू आफ्नै दलको नेतृत्वमा सरकार बनाउन दौडधुपमा लागेका छन्।

कार्की नेतृत्वको सरकार ढलेसँगै एक पक्षीय,दुई पक्षीय छलफलमा रहेका दलहरूले आइतबार दिनभर काठमाण्डुमा आ-आफ्ना पार्टीका शीर्ष नेताहरूसँग छलफल गरेका छन्।




माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले आफ्नै पार्टीका नेताहरूसँग भेटघाट मात्र भएको बताए।

उनले अन्य दलका नेताहरूसँग कुनै छलफल र भेटघाट नभएको बताए। 'भर्खरै सरकार गठनको आह्वान भएको छ,' उनले भने, 'अब समयमै नयाँ सरकार गठन गर्नेछौँ।'

उता,नेपाली कांग्रेस कोशी प्रदेश समितिको पदाधिकारीको बैठक पनि काठमाण्डुमा बसेको थियो। उक्त बैठकले आफ्नै दलको नेतृत्वमा सरकार गठन गर्ने निर्णय गरेको कांग्रेस कोशी प्रदेश संसदीय दलका प्रमुख सचेतक भूपेन्द्र राईले बताए। उक्त बैठकले आफ्नै दलका नेता उद्धव थापालाई मुख्यमन्त्रीमा अगाडि सार्ने निर्णय पनि गरेको उनले बताए।

यस्तै,नेकपा एमाले संसदीय दलका नेता तथा मुख्यमन्त्री हिक्मतकुमार कार्की पनि पार्टीका शीर्ष नेताहरूसँगको छलफलमा जुटेका छन्। उनले पनि राप्रपा र जसपालाई फकाएर पुनःआफ्नै नेतृत्वमा सरकार बनाउने कसरत गरिरहेका छन्।

कोशी प्रदेशमा नेकपा एमालेको सरकार ढलेपछि नयाँ समीकरण बनाउन नेकपा एमालेका सचिव तथा कोशी प्रदेशका इन्चार्ज रघुवीर महासेठले जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसंग आइतबार भेटेका छन्।

कोशी प्रदेशमा सरकार ढली सकेको र आगामी सरकारका लागि के गर्ने भन्ने विषयमा छलफल चलिरहेको बेला सचिव महासेठले अध्यक्ष यादवलाई भेटेको स्रोतले जनाएको छ।

भेटमा अध्यक्ष यादवले आफूहरू समाजवादी मोर्चा र सत्ता गठबन्धनमा रहेकाले एक्लै निर्णय लिन नसकिने महासेठलाई बताएका छन्।

अध्यक्ष यादवले गठबन्धनमा निर्णय गरेर अगाडि बढ्ने भन्दै छलफल गरेर थप जानकारी दिने प्रतिक्रिया दिएको जसपाका एक नेताले बताए।

प्रदेश सांसद लिम्बुले पनि पार्टीले एक्लै निर्णय गर्ने भन्दा पनि गठबन्धनले जे निर्णय गर्छ त्यही अनुसार अगाडि बढ्ने बताइन्।

कोशी प्रदेशमा एक सीट रहेका जसपा सरकार निर्माणको निर्णायक मानिएको छ।

जसपाले जता समर्थन गर्छ त्यसको सरकार बन्ने भएकाले एमालेका कोशी इन्चार्ज महासेठले जसपा अध्यक्ष यादवसंग छलफल गरेका छन्।

हाल विपक्षमा रहेका कांग्रेस, माओवादी, नेकपा (एस) र जसपाले भने गठबन्धन बनाएर सरकार गठन गर्ने जनाएका छन्। कुन पार्टीको नेतृत्वमा सरकार गठन गर्ने भन्ने विषयमा भने ठोस निर्णय लिन शीर्ष नेतालाई जिम्मा दिएको कांग्रेस नेता राईले बताए।

९३ सदस्यीय कोशी प्रदेशसभामा बहुमतका लागि ४७ प्रदेशसभा सदस्य चाहिन्छ। माओवादी केन्द्रबाट निर्वाचित भएर सभामुख भएका बाबुराम गौतमलाई नजोड्ने हो भने गठबन्धनसँग जम्मा ४६ प्रदेशसभा सदस्य मात्रै हुन्छ। कांग्रेसका २९, माओवादी केन्द्रका १२ (सभामुख बाहेक), एकीकृत समाजवादीका चार र जनता समाजवादी पार्टी (जसपा) का एक जना सांसद छन्।

प्रदेशसभाको सबभन्दा ठूलो दल एमालेसँग ४० सिट छ भने राप्रपासँग ६ जना सांसद छन्।

एमाले र राप्रपा एकातिर र अन्य दल एकातिर भएको अवस्थामा भने नयाँ सरकार गठन भए पनि स्थिर हुने सम्भावना कमजोर छ। जसका कारण प्रदेशसभा विघटनको दिशामा जानसक्ने धेरैले अनुमान गरिरहेका छन्।







# ‘उपचारमै सकियो सम्पत्ति, अब बहुलाउन मात्रै बाँकी छ’

जनकपुरधाम । उमेरले ७० पुग्न लाग्दै गर्दा कुन बुबाको चाहना नहोला र दुःख बिसाउने र सुखको श्वास फेर्ने । जीवनको उत्तरार्द्धमा सन्तानलाई सबै जम्मा लगाएर हलुङ्गो जीवन बाँच्ने धेरैको सपना पनि हुन्छ । यस्तै चाहना र सपना महोत्तरीको लोहरपट्टी नगरपालिका–९ बिनमा टोल खुटापिपरारीका उत्तिममान बिन (मुखिया)सँग पनि थिए ।


तर, समय भने जस्तो कहाँ हुन्छ ? बाह्र छोरा, तेह्र नाती बुढाको धोक्रो काँधैमाथि बोलको गीतमा भने झैं बुढेसकाल बढ्दै जाँदा जिम्मेवारी र दुःखको भारी मुखियाको काँधबाट हटेको छैन । लामो समयदेखिको यो गहुङ्गो भारी बिसाएर हलुङ्गो जीवन बाँच्ने उहाँको सपना केवल कल्पनामै सीमित छ ।

वंश धान्न तीन सन्तान त छन् तर उनीहरुलाई अंश दिनुपर्ने सम्पत्ति, जायजेथा छैन । माइलो छोरा रामनाथ मुखियाको उपचारमा पुर्खौली सम्पत्तिदेखि कमाइ सबै सकिएको छ । त्यसमाथि थपिएको लाखौ ऋणले उत्तिममानको बुढ् यौलीसँगै बेचैनी पनि बढेको छ ।

उत्तीममानका अनुसार माइलो छोरा रामनाथलाई १०/१२ वर्षको उमेरदेखि हार्मोनमा गडबडी हुँदा सुन्निने र शरीर फुल्ने रोग लाग्यो । उपचारका लागि सम्भव भएसम्म नेपालका सबै अस्पताल र नेपाल-भारत सीमामा रहेका धेरै अस्पताल पुर्‍याइयो तर पनि रोग निको भएन ।

पुर्ख्यौली सम्पत्तिका रुपमा रहेको करिब तीन बिघा जमिन उपचारमै सकियो । साहु महाजनबाट चक्रिय ब्याजदरमा लिएको लाखौं ऋण बोझ बन्यो तर समस्या भने ज्यूँका त्यूँ नै रह्यो ।

“उपचारका लागि कहाँसम्म लगिन भनि साध्य छैन, नेपाल र भारतका कुनै अस्पताल बाँकी छैनन”, उहाँले भन्नुभयो, “अहिले रोग निको भएन, उपचारमा भएको सम्पत्ति सकियो, लाखौ रकम ऋण पनि लाग्यो, अब त बहुलाउन मात्रै बाँकी छ ।”



सम्पत्ति यिनै सन्तानको हो भनेर सगोलको सम्पत्ति उपचारमै सकियो । जेठो छोराले विदेश गएर कमाएको पैसा पनि भाइकै उपचारमा खर्च भयो । दुःख र सम्पत्तिको प्रवाह नगरी दिनरात छोराको उपचारमा खटनुभएका उत्तीममान रोग विशेक नभएपछि अहिले हतास अवस्थामा हुनुहुन्छ ।

“मैले उपचारका लागि हरसम्भव प्रयास गरैं । जायजेथा बेचैं, ऋण काँडे । अरु छोराको कमाइ पनि यसैमा लगाए । आखिर बाबु न हुँ, उसको दुःख र छटपटाहट कसरी हेरिबस्नु ! अहिले रित्तो छु, सम्पत्तिको नाममा केही बाँकी छैन”, आँखाभरी आँसु टिलपिलाउँदै उहाँले भन्नुभयो ।

यति गर्दा पनि हिम्मत नहारेका उहाँले पाँच वर्ष अगाडि जब डाक्टरले मासिक तीस हजार भारु पर्ने एउटा सुई लगातार पाँच वर्षसम्म लगाउन सिफारिस गरे त्यसपछि भने हिम्मत हार्नुभएको छ । उहाँले भन्नुभयो, “त्यतिबेलादेखि दिमाग ठेगानमा छैन । भएको सम्पत्ति त सबै सक्काइसके, अब मसँग कि बहुलाउने कि छोरा तड्पिएको हेर्नेबाहेक अर्को उपाय छैन । सहयोगका लागि गुहार मागेको पनि कुनै ठाउँ बाँकी छैन तर केही सीपलागेन ।”

पाँच वर्षअघि स्वास्थ्य परीक्षणपछि डाक्टरले सिफारिस गरेको इञ्जेक्सन हो ‘सान्डोस्टाटिन एलएआर’ । नेपालमा महङ्गो मानिएको यो इञ्जेक्सन भारतमा पनि तीस हजार भारु पर्छ । रामनाथले मासिक ३० हजार भारतीय रुपैयाँ तिरेर दिल्लीस्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) मा पाँच वर्षसम्म यो सुई लगाउनुपर्ने छ तर आर्थिक अभावका कारण अहिलेसम्म सुरु नगरिएको मुखियाले गुनासो गर्नुभयो ।

उहाँले पाँच वर्षअघि सुरु गर्नु भनिएको उपचार आर्थिक अभावमा अहिलेसम्म पनि सुरु नगर्दा आफ्नो स्वास्थ्यअवस्था दिनप्रतिदिन बिग्रिदो अवस्थामा छ । “सबै सम्पत्ति सक्किएपछि अन्तिम विकल्पका रुपमा त्यो उपचार पद्धति सुझाइयो । सुरुमा भए त केही हुन्थ्यो, अब त पैसा छैन । त्यति महङ्गो उपचार कसरी गर्नु ! न बुबाको सम्पत्ति छ न म केही गरेर जोहो गर्नसक्छु”, उहाँले भन्नुभयो ।

**‘मुरीमे जते केस नहै तते कर्जा भगेल’**

“पुर्ख्यौली सम्पत्ति सकियो । तीन बिगाह जमिन बेचियो । जग्गा किन्ने ग्राहक नभेटिएको बेला तत्कालको गर्जो टार्न गाउँकै साहुँ महाजनबाट ऋण लिनुपर्‍यो तर के गर्नु रोगभन्दा निर्दयी साहुँहरु हुँदा रहेछन्”, गहभरी आँसु पार्दै ज्येष्ठ नागरिक मुखियाँले भन्नुभयो, “मुरीमे जते केस नहै तते कर्जा भजेल (टाउँकोमा जति कपाल छैन त्यति ऋण भएको छ) ।”

उहाँका अनुसार उपचारका लागि एकपटक रु एक ला ऋण लिनुपर्‍यो । केही वर्षपछि साँवा चुक्ता गरे पनि साहुँले ब्याज मात्रै १६ लाख पुगेको कागज खडा गरी सो रकम तिर्न मानसिक, कानूनी र शक्तिको आडमा दुःख दिन थाले । मुखिया परिवारले जग्गा बेचेर चुक्ता गरेको रकमसम्बन्धी त्यो मुद्दा अहिले अनुचित लेनदेन (मिटरब्याज) कसुरमा जिल्ला प्रशासन कार्यालय महोत्तरीमा दर्ता गरिएको छ ।

छोरालाई रोग लागेपछि मानसिक र आर्थिकरुपमा थिल्थिलो भएको मुखिया परिवारले अर्को साहुसँग लिएको रु २५हजारका लागि कानूनी झमेला खेप्यो । रु २५ हजार ऋणलाई साहुले रु दुई लाख बनाएपछि धेरै दुःख पाएको उहाँले सुनाउनुभयो । अहिले पनि उहाँसँग रु १०/१२ लाख जति ऋण नै छ ।

“साहुले रु २५ हजारको ऋणलाई दुई लाख बनायो । तिर्न नमानेपछि शक्तिको आडमा कानून, प्रहरी प्रशासन लगाएर समात्न लगायो । त्यसपछि हामी एक लाखसम्म तिर्न तयार भए पनि साहुले दुई लाख नै चाहिन्छ भनिरहेको छ”, रामनाथ मुखियाले दुखेसो पोख्नुभयो ।

**‘जति गुहार्दा पनि सहयोग पाइएन’**

सम्पत्ति सकिएपछि रोगी छोरो लिएर बुद्ध बुबा उत्तीममानले नेता, स्थानीय तह, प्रदेश र सङ्घीय सरकारसँग विभिन्न माध्यमबाट गुहारे पनि सबैतिरबाट आश्वासन मात्रै पाउनुभयो ।

“बुबाको सहारा बन्नुपर्ने बेलामा उहाँ मेरो साहरा बन्नुपरेको छ । उहाँले शान्तसँग श्वास पनि फेर्न पाउनुभएको छैन”, उमेरले ३६ वर्ष पुग्नुभएका रामनाथले भन्नुभयो, “एकातिर रोग त्यसमाथि बुबाको त्यो बेचैनीले निकै पीडा दिन्छ ।”

बुबा उत्तीममान्‌ले भने अझै पनि हरेसखानु भएको छैन । जवान छोरोसँग जोडिएका चार नातिनतिना र बुहारीको खुशीका लागि पनि केही गर्नुपर्ने दबाब छ उहाँमाथि । इन्डो–नेपाल डाक्टर्स फोरमले जनकपुरमा अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) को शाखा खोल्न पहल गरिरहेको सुनेपछि केही आशा भने पलाएको उहाँले बताउनुभयो ।

डाक्टरहरुले दिल्लीस्थित एम्समा उपचार गर्न सुझाव दिए पनि पैसा अभावमा छोरालाई त्यहाँ लिन नसकेका मुखियाले यहाँ शाखा नखोल्दासम्म दिल्लीमा उपचारको व्यवस्था मिलाउन त्यही फोरमलाई गुहारिसकेको जानकारी दिनुभयो ।

फोरमका उपाध्यक्ष डा.पुरुषोत्तमकुमार ठाकुरले पनि मुखिया परिवारको पीडा आफूले नजिकबाट हेरिरहेको र सक्दो सहयोगका लागि पहल गर्ने बताउनुभयो । उहाँले फोरम स्थापनापछि आएको यसप्रकारको पहिलो समस्या समाधान गर्ने दायित्व आफूहरुको पनि भएकाले फोरममा प्रतिनिधित्व गर्ने भारतीय चिकित्सकहरुसँग सल्लाह गरेर चाँडै केही काम हुने आशा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, “दुबै देशका नागरिकको गुणस्तरीय स्वास्थ्यमा पहुँच र जटिल स्वास्थ्य समस्यामा परेकालाई सहयोग एवं सहजीकरण गर्ने उद्देश्यले चिकित्सकको साझा मञ्च बनाएका छौं । त्यो मञ्चले कानुनी मान्यता पनि पाइसकेकाले स्वास्थ्य संस्था खोल्ने र मुखियाजस्ता जटिल समस्याग्रस्त नागरिकहरुको पक्षमा पनि केही काम गर्ने छौ । उहाँको विषयमा ध्यानाकर्षण भइसकेको छ ।” रासस

# सशस्त्र प्रहरी परिवार महिला सङ्घद्वारा सम्मान



काठमाण्डु । सशस्त्र प्रहरी परिवार महिला सङ्घले आफ्नो २२ औं स्थापना दिवसका अवसरमा विभिन्न समाजसेवी संस्थालाई सम्मान प्रदान गरेको छ । आज यहाँ आयोजित समारोहमा सङ्घले मानव सेवामा योगदान पुर्‍याएबापत ललितपुरस्थित तुलसादेवी हरिहर फाउन्डेसनका अध्यक्ष सुरु सुवेदी, पोखराको कोपिला नेपालकी विना सिलवाल र रौतहटको माण्डवी संस्थाकी अन्जु झालाई सम्मान गरेको हो ।

ती संस्थाहरुले समाजका असहाय तथा गरिब दुःखीलाई आश्रय दिइ सेवा गरिरहेकाले उनीहरुको मानवीय सेवाका लागि सम्मान प्रदान गरिएको सङ्घले जनाएको छ । कार्यक्रममा काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलले ती संस्थाका प्रमुखहरूलाई सम्मान प्रदान गर्नुभयो ।

सो अवसरमा उपप्रमुख डंगोलले सशस्त्र प्रहरी परिवार महिला सङ्घको सेवामुखी क्रियाकलापको साथै समाज सेवाको पवित्र कार्यमा आफ्नो जीवन समर्पण गर्नुहुने विभिन्न क्षेत्रका महानुभावहरुलाई कदरपत्र प्रदान गर्नुभएको हो ।

उहाँले सङ्घले बालक, बृद्धबृद्धा तथा नारी सशक्तिकरणको क्षेत्रमा मात्र नभई समग्र राज्यको शिक्षा, स्वास्थ्य, वातावरण, खेलकुद क्षेत्रलाई समेत प्राथमिकतामा राखी सेवा मुलक कार्यहरु गर्दै आएकोमा खुशी व्यक्त गर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले वार्षिकोत्सवको अवसरमा आयोजितप्रथममहिलाहाफम्याराथन दौड विजयी खेलाडीलगायत महिला राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभयो ।

सशस्त्र प्रहरी परिवार महिला सङ्घकी केन्द्रिय अध्यक्ष अनिता लामिछाने अर्यालले विभिन्न निजी तथा सामुदयिक विद्यालयबाट एसईई परीक्षामा उत्कृष्ट अङ्क ल्याउन सफल छात्रछात्राहरुलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुहुँदै सङ्घको विभिन्न सेवामुलक कार्यहरुमा सहयोग गर्ने सरकारी तथा गैरसकारी सङ्घसंस्था एवं महानुभावहरुको अनुकरणीय योगदानप्रति आभार प्रकट गर्नुभयो । रासस

# अतिक्रमित जग्गा खाली गराउँदै महानगरपालिका

वीरगञ्ज । सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका संरचना भत्काउने कार्यलाई वीरगञ्ज महानगरपालिकाले निरन्तरता दिएको छ । महानगरले आदर्शनगरस्थित राष्ट्रिय वाणिज्य बैंकको पर्खाल भत्काएको छ ।

सार्वजनिक जग्गामा बैंकले निर्माण गरेको २३ फिट अग्लो पर्खाल हटाउन पटक-पटक आग्रह गर्दासमेत बेवास्ता गर्दै आएकाले पर्खाल भत्काइएको महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सरफुदिन मियाँले जानकारी दिनुभयो । लामो समयदेखि बैंकले उक्त जग्गा खाली गर्ने प्रतिवद्धता व्यक्त गरे पनि पर्खाल नहटाएपछि नगरप्रमुख राजेशमाज सिंहको निर्देशनमा उक्त स्थानमा डोजर चलाइएको उहाँले बताउनुभयो ।



पलिकाका विभिन्न वडामा स्थानीयले सार्वजनिक जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण गर्ने प्रवृत्ति बढेपछि महानगरले अतिक्रमण हटाउने अभियान सुरु गरेको छ । प्रमुख मियाँका अनुसार महानगर क्षेत्रभित्रका पोखरी, पार्क, मठ मन्दिरलगायत क्षेत्रका सार्वजनिक जग्गा अतिक्रमण गरी स्थानीयले ठूलाठूला भौतिक संरचना बनाउनुका साथै खेतबारीका रुपमा उपभोग गर्दै आएका छन् । “यसरी सार्वजनिक जग्गा अतिक्रमण गर्ने प्रवृत्ति बढ्‌सँगै महानगरपालिकाले वर्षौंदेखि अतिक्रमणमा परेका सार्वजनिक जग्गा खोज्ने अभियानलाई तीव्रता दिएको छ”, उहाँले भन्नुभयो ।

अतिक्रमित जग्गा खोज्न, नापचाँज गर्न तथा सार्वजनिक र निजी छुट्याउन महानगरले विभिन्न वडामा प्राविधिक टोली परिचालन गरेको मियाँले जानकारी दिनुभयो । “महानगरको धेरैजसो स्थानमा स्थानीयले सार्वजनिक जग्गा अतिक्रमण गरी निजी सम्पत्तिका रुपमा प्रयोग गर्दै आएका छन्”, वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले भन्नुभयो, “पहिलो चरणमा प्राविधिक टोलीले वडा नं १७ र १९ मा खोज्ने र नापचाँज गरेर सार्वजनिक र निजी जग्गा छुट्याउने काम गरिरहेका छन् ।” उहाँका अनुसार दुई सातादेखि सुरु गरिएको उक्त अभियानमा हालसम्म २६ बिघा भन्दा बढी अतिक्रमित सार्वजनिक जग्गा महानगरले नियन्त्रणमा लिएको छ ।

“छोटो समयमा नै थुप्रै अतिक्रमित जग्गा फिर्ता गराउन हामी सफल भएका छौं”, नगर प्रमुख सिंहले भन्नुभयो, “यस अभियानमा हामी शान्तिपूर्ण तरीकाले लागिरहेका छौं र सबैले समन्वय पनि गरिरहनुभएको छ ।” सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रमण गरी निजी प्रयोजनका लागि प्रयोग गर्दै आएको खोजी गर्न महानगरको टोली नक्सा लिएर सम्भावित स्थानमा जान थालेपछि स्थानीयले सहयोग गरिरहेका उहाँको भनाइ थियो ।

टोलीले वडा नं १७ र १९ को सीमामा पर्ने कोनियाँ गाउँमा स्थानीयले सार्वजनिक जग्गा अतिक्रमण गरी खेती गर्दै आएको पाँच बिघा जग्गा नियन्त्रणमा लिएको महानगर सचिवालयका हरि पोखरेलले जानकारी दिनुभयो । उहाँले पहिलो चरणमा दुई वटा वडाबाट अभियान सञ्चालन गरिएको भन्दै ‘ अतिक्रमित जग्गा खोजी अभियान’ क्रमशः ३२ वटै वडामा सञ्चालन गरिने बताउनुभयो । “नियन्त्रणमा लिइएको अतिक्रमित सार्वजनिक जग्गा महानगरले नक्शाङ्कन गरिरहेको छ”, उहाँले भन्नुभयो ।

“अतिक्रमित जग्गा खोज्ने अभियानका क्रममा केही दिनअघि महानगरपालिकाको आर्दशनगर स्थित चिल्ड्रेन पार्कको जग्गा स्थानीयले अतिक्रमण गरेको पाइएको थियो । उक्त स्थानमा निर्माण गरिएका केही संरचना महानगरले यसअघि नै भत्काएको छ भने बाँकी संरचना हटाउन सूचना दिइएको छ”, महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले भन्नुभयो । बाँकी संरचना सूचनाका आधारमा खाली नगरे डोजर चलाइने उहाँको भनाइ थियो ।

अन्य स्थानमा पनि जग्गा अतिक्रमण गरिएको हुनसक्ने भएकाले खोजी गर्न प्राविधिकको समूह खटाएर परिचालन गरिएको बताउँदै अतिक्रमित जग्गा पाइएमा घेरा गरी संरक्षण गरिने प्रमुख प्रशासकीय अधिकृत पौडेलले जानकारी दिनुभयो । अतिक्रमण गरेको सार्वजनिक जग्गा छुट्याउन नापजाँच गरी डोजर लगाएर सीमा छुट्याउने काम भइरहेको उहाँले बताउनुभयो ।

महानगरसँग अहिले आफ्नो क्षेत्रमा कहाँ र कति सार्वजनिक जग्गा छ भन्ने वास्तविक तथ्याङ्क नहुँदा खोजी कार्यमा कठिनाइ भइरहेको भन्दै यस अभियानलाई सफल बनाउन महानगरको टोली दैनिक स्थालगत खोजीमा खटिएको पौडेलले बताउनुभयो । “हरेक वडामा रहेका सार्वजनिक जग्गा तथा सम्पत्तिको अभिलेखिकरण गरेर राख्न र आवश्यकता अनुसार प्रयोग गर्न खोजी अभियान अघि बढाइएको हो”, उहाँले भन्नुभयो । रासस

# ‘एलडिसी स्ट्राटेजी’ मस्यौदामाथि छलफल

काठमाण्डु । नेपाललाई अतिकम विकसित मुलुकबाट स्तरोन्नति गर्ने रणनीति (एलडिसी स्ट्राटेजी) तर्जुमाको मस्यौदामाथि छलफल भएको छ । आइतबार राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठको अध्यक्षतामा बसेको निर्देशक समितिको बैठकले रणनीतिसम्बन्धी मस्यौदामाथि छलफल गरेको हो ।

संयुक्त राष्ट्रसङ्घको विकास नीति समितिले सन् २०२१ मा अतिकम विकसित मुलुक (एलडिसी) बाट विकासशील मुलुकमा स्तरोन्नतिका लागि नेपाललाई पाँच वर्षको तयारीको समय दिई स्तरोन्नतिको सिफारिस गरेको थियो । अर्थात आगामी २०२६ बाट नेपाल विकाससिल मुलुकमा स्तरोन्नति हुँदैछ ।

उपाध्यक्ष संयोजक रहेको निर्देशक समितिमा अर्थ सचिव, परराष्ट्र सचिव, शिक्षा मन्त्रालयका सचिव, उद्योग वाणिज्य मन्त्रालयका सचिवका साथै निजी क्षेत्रहरूबाट प्रतिनिधित्व रहेको छ ।

आइतबारको छलफलमा उपाध्यक्ष डा श्रेष्ठ, आयोगका सदस्य डा रामकुमार फुँयाल, आयोगका सचिव डा तोयनारायण ज्ञवाली, परराष्ट्र सचिव भरतराज पौड्याल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनी, अर्थमन्त्रालयका सहसचिव ईश्वरीप्रसाद अर्याललगायत सहभागी हुनुहुन्थ्यो । निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष कमलेश अग्रवाल र नेपाल उद्योग परिसङ्घका उपाध्यक्ष वीरेन्द्रराज पाण्डे उपस्थित हुनुहुन्थ्यो ।

विकासशील मुलुकमा स्तरोन्नति भएपछि प्राप्त हुने लाभलाई अधिकतम उपभोग गर्न र विकासशील मुलुकमा स्तरोन्नति भइसकेपछि आउने चुनौतीहरूको सामना प्रभावकारीरूपमा गर्नका लागि रणनीति बनाइरहेको उपाध्यक्ष डा श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार यो रणनीति अन्तिम चरणमा पुगेको छ ।

“मुलुकको अर्थतन्त्रको अवस्था, सम्भावना र स्तरोन्नतिपछि विभिन्न क्षेत्रमा पर्नसक्ने सकारात्मक वा नकारात्मक असरको गहन अध्ययन तथा विश्लेषण गरी रणनीति तयार हुनेछ”, उपाध्यक्ष श्रेष्ठले भन्नुभयो, “यसकै आधारमा दातृ संस्था, निजी क्षेत्र, समुदायलगायतले भूमिका खेल्नुपर्ने हुन्छ ।”

नेपाल अतिकम विकसित मुलुक (एलडिसी) बाट स्तरोन्नतिको चरणमा छ । स्तरोन्नतिपछि एलडिसीका रूपमा अहिले पाइरहेका सुविधाको कटौती हुने हुँदा त्यसको सम्भावित असर र व्यवस्थापनबारे निजी क्षेत्रदेखि नीति निर्माण तहसम्म चासो छ । मुख्यतः अन्तर्राष्ट्रिय व्यापार, विकास सहायता परिचालनलगायतका क्षेत्रमा स्तरोन्नति अघि र पछिको अवस्था फरक हुनेछ । स्तरोन्नतिपछि गरिने सुविधा कटौतीले विभिन्न क्षेत्रमा पार्ने असर पहिचान र तिनको व्यवस्थापनका लागि नेपालले सन् २०२६ सम्मको तयारी अवधि पाएको हो ।

अतिकम विकसित राष्ट्रहरूको पाँचौं शिखर सम्मेलनबाट यो फोरमको अध्यक्षता नेपालले गरिरहेको छ । यसकारण पनि नेपालले स्तरोन्नति चरणको सङ्क्रमणकालीन अवधि र स्तरोन्नतिपछिको कार्यदिशा कसरी तयार पार्छ भनेर अन्तर्राष्ट्रिय द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायहरूले पनि चासोका साथ हेरिरहेका छन् । रासस

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : अवसर प्राप्त । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |


## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पार्टीबाट निष्काशन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा माओवादी केन्द्रले धनुषाको शहीदनगर नगरपालिकाका एक निलम्बित वडाध्यक्षलाई पार्टीबाट निष्काशन गरेको छ।



शहीदनगर नगरपालिका वडा नम्बर-८ का निलम्बित वडाध्यक्ष तनुकलाल कुसियैत यादवलाई पार्टीबाट निष्काशन गरिएको छ।

नेपाल कम्युनिष्ट पार्टी माओवादी (केन्द्रले)मधेश प्रदेश शहीदनगर नगरपालिका नगर कमिटिका अध्यक्षसमेत रहेका कुसियैतले पार्टीको विधान विपरीत कार्यहरु गरेकाले साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट निष्काशन गरेको छ।

यादवसँग सम्बन्धित विभिन्न प्रमाणहरु भेटिएको र पार्टीको मर्यादा विपरीत, आचरण हनन हुने प्रकारका कार्यहरु तथा पार्टीको सिद्धान्त र विचार विपरीत गतिविधि गरेकोले उनलाई हटाइएको विज्ञप्तिमा उल्लेख छ।

नगर कार्य समितिको असार १५ गतेको निर्णय अनुसार उनलाई साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्काशन गरिएको छ।

२०७४ सालमा गरेको कामले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको आधारमा उनी निलम्बित भएका छन्।

# हरिपुर नगरपालिकाद्वारा ३६ करोड ८५ लाख खर्च

**बखतियार अलि**

मलंगवा । सर्लाहीको हरिपुर नगरपालिकाले चौथो त्रैमासिकसम्मको सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ।




कार्यक्रममा हरिपुर नगरपालिकाका नगर प्रमुख गोपाल पजियारले सबै वडाअध्यक्ष र कर्मचारीहरूको सहयोगले नगरपालिकामा चौतर्फी विकासको अवधारणालाई अघि सारेको बताए। शिक्षा, स्वास्थ्य र कृषिमा आफूले उदाहरणीय काम गरेर देखाउने उनले दाबी गरे।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत दिवाकर भुजेलले चालु आवको चौथो त्रैमासिकसम्मको असार मसान्तसम्म ५९ करोड १४ लाख ६४ हजार ७४४ रुपैया ९४ पैसा बजेट रहेको मध्ये चौथो त्रैमासिक सम्मको असार मसान्तसम्म ३६ करोड ८५ लाख रकम खर्च भएको जानकारी दिए।

भुजेलले चालु आवको अन्तिम मसान्तसम्म आइपुग्दा जम्मा ६३ प्रतिशत मात्र बजेट खर्च भएको बताए। राजस्व बाँडफाँट र समपूरक बजेटमा कटौती भएको कारण विनियोजित बजेट अनुसार रकम खर्च नहुने उनले बताए।

हरिपुर नगरपालिका वडा नं १ का वडा अध्यक्ष नानी बाबु थापाले चौथो त्रैमासिक सम्ममा सम्झौता भए अनुसारको सडक ढलान कार्य सम्पन्न भएको जानकारी गराए। त्यस्तै, वडा नं २ का बडा अध्यक्ष निरबिक्रम थापाले चौथो त्रैमासिकसम्ममा वडामा स्वीकृत भएको केही योजनाहरु बाहेक सम्झौता अनुसार काम सम्पन्न भएको बताए। बाँकी काम धमाधम भइरहेको उनले भने।

वडा नं ३ का वडा अध्यक्ष लालमहमद शेखले एउटा मदरसाको निर्माण कार्य सम्पन्न भएको र बाँकी योजनाहरुको काम संचालन भइरहेको बताए।

यसैगरी,वडा नं ५ का वडाअध्यक्ष सुरेन्द्र प्रसाद चौधरीले जम्मा ३७ वटा योजना मध्येका सबै योजनाहरु सम्पन्न भएको बताए। वडा नं ६ को वडा अध्यक्ष प्रेमहरी श्रेष्ठले १२ वटा योजना रहेकोमा धेरै योजनाहरू सम्पन्न भएको र केही योजनाहरूको काम भइरहेको बताए ।

यसैगरी,वडा नं ७ का वडा अध्यक्ष मनोज चौधरीले यस वडामा २५ वटा योजनाहरु संचालनमा रहेकोमा सडक ढलानको कार्य भइरहेको जानकारी गराए।

वडा नं ८ का वडा अध्यक्ष हरिबहादुर थापाले २२ वटा योजनाहरू रहेकोमा केही बाहेक सबै योजनाहरू सम्पन्न हुनेछ। केही साना साना योजनाहरुको काम सम्झौता गरी यसै मसान्तमा पूरा गर्ने गरी काम भइरहेको बताए।

त्यस्तै,वडा नं ९ का वडा अध्यक्ष विश्वनाथ रायले जनताको चाहना बमोजिम काम भइरहेको बताउँदै एक रुपैयाँको पनि भ्रष्टाचार नगर्ने र अरुलाई पनि गर्न नदिने प्रतिबद्धता व्यक्त गरे।

नगर प्रमुख गोपाल पजियारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागीहरुले बाल अक्ष्यकोषको स्थापना वडाहरुमा छ छैन, बालमैत्री सौचालय छ छैन, विद्यालयहरुमा आठ महिना वितिसक्दा पनि पुस्तक अभाव रहेको, पालिकामा विकास कम भ्रष्टाचार बढी हुने गरेको यसको नियन्त्रण कसले गर्नेलगायतका विभिन्न विषयमा प्रश्न गरेका थिए।

# एकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। अत्यधकि रक्सी सेवन गरेका कारण जनकपुरधाममा एक जनाको मृत्यु भएको छ।

जनकपुरधाम उपमहानगरपालिका-२४ कटैया चौरी बस्ने ४५ वर्षीय पशुपतिनाथ झाको अत्यधिक रक्सी सेवनको कारण मृत्यु भएको स्थानीयवासीले जनाएको छ।

हाटबजारमा नरिवल बेच्ने झा आइतबार विहानै धेरै रक्सी खाएर क्याम्पस चौकस्थित एक कटघेरमा बेहोस भइ सुतिरहेका थिए।

स्थानीयले देखे पनि उपचारको लागि वाहिर कही लग्न सकेन्। दिउँसो २ बजे झाको सोही स्थानमा मृत्यु भएको स्थानीयवासीहरुको भनाइ छ।

यता, घटना पश्चात जिल्ला प्रहरी कार्यालयबाट खटेको प्रहरीले टोलिले सरजमीन गरी शवलाई पोस्टमाटमको लागि जनकपुरधामस्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रादेशकि अस्पतालमा लगिएको जनाइएको छ।

# घरपालुवा पशुमा बाँझोपनको समस्या

**टुडे समाचारदाता**

मलंगवा। मधेश प्रदेशका पशुपालक किसानले पालेका घरपालुवा चौपायामा बाँझोपनको समस्या देखिन थालेपछि पशु प्राविधिकहरु उपचार सेवा प्रदान गर्न किसानहरुको गोठ तथा पशु फर्ममा पुग्न थालेका छन्।




केही समय अगाडि नागरिकहरु समस्या लिएर सरकारकोमा जाने गरेका थिए भने पछिल्लो समय सरकार आफै जनताको घरदैलोमा पुगेर सेवा दिन थालेका छन्। सोही अनुसार सरकारको मातहतमा कार्यरत पशु डाक्टर तथा प्राविधिकहरु व्यवसायिक पशुपालन फर्महरुमा डोर टु डोर बाँझोपन निवारण शिविर संचालन गरेर सेवा प्रदान गर्न सुरु गरेका छन्।

मधेश प्रदेश दुग्ध विकास बोर्डले आफ्नो स्वीकृत कार्यक्रम अनुसार बाराको निजगढमा रहेका व्यवसायिक कृषि पशु फर्महरुमा डोर टु डोर बाँझोपन निवारण शिविर संचालन कार्यक्रमको आयोजना गरी सम्बन्धित फर्महरुमै पुगेर उपचार सेवा र परामर्श दिइरहेका छन्।

पशुमा देखिने विभिन्न किसिमका यौनजन्य रोग र पशुको पोषणमा ध्यान नदिँदा बाँझोपनको समस्या हुने गरेको रामपुर क्याम्पसका प्रोफेसर डा.डि.के सिंहले बताए ।

'पशुहरूमा विभिन्न किसिमका विकृति यौनजन्य रोग हुनसक्छन्, यी रोगले बाँझोपनको समस्या हुन्छ, यी रोगको उपचार गर्नुपर्छ',सिंहले भने, 'पशुलाई पोषिलो खानेकुरा पनि चाहिन्छ, पोषणमा ध्यान दिएको पाइँदैन, घाँसको सिजनमा घाँसमात्र खुवाउने, परालको सिजनमा परालमात्र खुवाउने जस्ता समस्या छन्, दाना खुवाउने किसान निकै कम छन्।'

प्रदेश दुग्ध विकास बोर्डका निर्देशक शंकर साह उन्नत पशुमा बढी बाँझोपनको समस्या देखिने भएकाले नियमित गोबर परीक्षण गरी जुकाको औषधि खुवाउने, आहारा तथा दानामा ध्यान दिनुपर्ने बताउँछन्।

'नियमिति उपचारमा पनि ध्यान दिनुपर्छ',उनले भने, 'आजभोलि दैनिकजसो किसानहरु बाँझोपनको समस्या लिएर आउने गरेका छन्, उपचारमा आएका ८० प्रतिशत पशुको बाँझोपनको समस्या निराकरण हुने गरेको साहले बताए।

किसानको लापरबाहीले गर्दा २० प्रतिशत पशुमा बाँझोपनको समस्या रहेको बताए। पशुलाई पेटभर खान, सोतरमा सुत्न र नियमितरूपमा नाम्ले तथा जुकाको औषधि नपाउँदा पशुमा बाँझोपनको समस्या बढेकाले किसानले पशुपालनबारे ज्ञान लिन आवश्यक रहेको निर्देशक साहको कथन छ।

# सिटिजन्स बैंकका ग्राहकलाई विशेष छुट

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना ग्राहकहरुलाई विशेष छुट दिन विभिन्न संघ संस्थाहरुसंग सम्झौता गरेको छ।




बैंकले ग्राहकहरुलाई आकर्षक सेवा सुविधा उपलब्ध गराउने क्रममा विभिन्न संस्थाहरुसंग सम्झौता गरी बिशेष छुट सुविधा उपलब्ध गराउने भएको छ।

सम्झौता पश्चात सिटिजन्स बैंकका ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन्।

बैंकका ग्राहकहरुले निजगढ, बारामा अवस्थित निजगड बर्गर हाउस एण्ड क्रन्ची चिकेन, नेपाल फेन्सी स्टोर, फायरउड सेकुवा एण्ड तन्दुरी भान्सा घर र किड्स कलेक्सनमा १० प्रतिशत सम्मको विशेष छुट पाउने छन्।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानीको प्रोत्साहन गर्न विभिन्न सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ।

डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिन्छ।

# बारालाई प्रतियोगिताको उपाधि

**रञ्जन यादव**

कलैया । बारा जिल्ला फुटबल संघले मधेश प्रदेश स्तरीय दोस्रो रामनारायण मिश्र फुटबल प्रतियोगिता उपाधि उचालेको छ।




सिमरा रंगशालामा भएको फाइनल खेलमा रौतहट जिल्ला फुटबल संघलाई २-१ ले पराजित गर्दै बाराले उपाधि उचालेको छ।

खेलको २६ औं मिनेटमा विवेकको गोलबाट अग्रता लिएको बाराले ४१औं मिनेटमा अग्रता दोब्बर पारेको थियो।

पहिलो हाफमा लिएको बाराका लागि विवेक चौधरी र सागर चौधरीले एक/एक गोल गरेका गरेका छन्।

रौतहटका लागि भने रोशन पहारीले एक गोल फर्काए ।

अग्रता जोगाउदै जीत नजिक पुगेको बाराविरुद्ध रौतहटले इन्जुरी समयमा एक गोल फर्काएको थियो। उपाधि विजेताले बाराले ट्रफिसहित नगद ५० हजार र उपविजेता रौतहटले ३० हजार प्राप्त गरेको छ।

विधागत पुरस्कारतर्फ प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी बाराका विवेक चौधरी घोषित भए भने सर्वाधिक गोलकर्ता बाराका सागर चौधरी, उत्कृष्ट डिफेन्ड बाराका श्याम चौधरी र उत्कृष्ट प्रशिक्षक बाराका उमेश श्रेष्ठ घोषित भए ।

मधेश प्रदेश फुटबल संघको आयोजनामा मधेशका आठ जिल्लाको सहभागिता रहेको थियो।

# मिटरब्याजी पीडितका समस्या सम्बोधन गर्ने विधेयकमाथि छलफल

काठमाण्डु । प्रतिनिधिसभाको आइतबारको दोस्रो बैठकमा सांसद्हरुबाट वित्तीय पहुँचमा सहजा बढाउँदै मिटरब्याज पीडकलाई कारबाहीको दायरामा ल्याउने गरी कानुन बनाउन माग गरिएको छ।

राष्ट्रियसभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा प्राप्त 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० ' माथिको सैद्धान्तिक छलफलमा भाग लिँदै सांसद्हरुले सामान्य किसान र जनतालाई वित्तीय संस्थाबाट बिनाधितो ऋण दिएर मिटर ब्याज पीडित हुने अवस्था अन्त्य गर्न आग्रह गरिएको छ।

नेपाली कांग्रेसका प्रदीप पौडेलले वित्तीय अनुशासन पालना हुन नसक्ने मुलुक अघि बढ्न नसक्ने उल्लेख गर्दै मिटरब्याज पीडित लामो समयदेखि पीडित हुँदा पनि संसद् र राज्यले ध्यान दिन नसकेको बताउनुभयो।

नेकपा (एमाले) का प्रमुख सचेतक पदम गिरीले ताजा जनादेश प्राप्त भएको सात महिना बित्दासम्म कुनै पनि विधेयक पारित हुन नसकेको र आइतबार प्रस्तुत विधेयकमा पनि पर्याप्त अध्ययन गर्ने समय उपलब्ध नभएकामा आपत्ति जनाउनुभयो। उहाँले संसद्को पहिलो बैठकमा प्रस्तुत भएका अध्यादेश हालसम्म नआइ अन्तिम समयमा पेस हुनुले सरकारको हतारोपन देखिएको र मिटरब्याज पीडितलाई न्याय दिनेभन्दा पनि भुलाउने काम भएको टिप्पणी गर्नुभयो।

एमालेका सचेतक महेश बर्तौलाले कतिपय उचित लेनदेनलाई पनि गलत सावित हुनेतर्फ सचेत रहन आग्रह गर्नुभयो। सांसद् सूर्य थापाले गत वैशाख २० गते ल्याएको विधेयकलाई बल्ल छलफलमा ल्याएकामा चिन्ता व्यक्त गर्नुभयो।

एमालेकै भगवती चौधरीले बैंकहरुले समयमा ब्याज नतिर्दा ब्याजलाई सावामा जोड्ने कार्य पनि गैरकानुनी हुनुपर्ने सुझाव दिनुभयो। नेकपा (माओवादी केन्द्र) का सांसद् माधव सापकोटाले जाली तमसुक र झुटो कागज गरेर गरिने लेनदेनलाई रोक्न प्रविधि सुहाउँदो परिस्कृत कानुन ल्याउन आग्रह गर्नुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका विराजभक्त श्रेष्ठले मुलुकमा सामन्तवादको अवशेष बाँकी रहेकाले मिटर ब्याजी पीडित सिर्जना भएको उल्लेख गर्दै यस्ता प्रकरणमा राजनीति र प्रहरीका उच्च तहका व्यक्ति पनि सहभागी भएको हुनसक्ने भएकाले वित्तीय साक्षरता अभियान चलाउन सुझाव दिनुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीकै सुमना श्रेष्ठले समाजको अशल चरित्र निर्माणका लागि सामाजिकस्थलमै गलत मनोवृत्तिलाई निरुत्साहन गर्नुपर्नेमा जोड दिनुभयो। राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झाले नेपालका बैंकहरुमा प्रक्रियागत जटिलता धेरै भएकाले आम मानिसको पहुँच कमजोर भएको बताउनुभयो।

सोही पार्टीका गणेश पराजुलीले मौजुदा कानुन प्रभावकारी कार्यान्वयन भएको भए मिटरब्याजी समस्या उत्पन्न नहुने बताउनुभयो। सांसद् सोविता गौतमले प्रतिनिधिसभालाई छायाँमा नपार्न आग्रह गर्दै सदनको अधिवेशन सुरु हुनु अगाडि नै कुनकुन विधेयक ल्याउने भन्ने सूची उपलब्ध गराउन माग गर्नुभयो।

जनता समाजवादी पार्टीका प्रदीप यादवले हातमा नभइ विधेयक ल्याएकाले यसमा व्यापक छलफलको आवश्यकता भएको बताउनुभयो । सोही पार्टीका राजकिशोर यादवले हतारहतारमा अध्यादेश ल्याएर अन्तिम समयमा विधेयक ल्याएको उल्लेख गर्दै वित्तीय शिक्षा र पहुँच विस्तार गरेमा मिटरब्याज पीडितका समस्या नहुने बताउनुभयो।

जनता समाजवादी पार्टीकै रेखा यादवले सस्तो ब्याजदरमा ऋण वितरण गर्ने सरल प्रक्रिया कार्यान्वयनामा ल्याउन माग गर्नुभयो। सांसद रञ्जुकुमारी झाले १० प्रतिशतभन्दा बढी ब्याज लिने कारोबारलाई फौजदारी मानिने व्याख्या बैंकहरुलाई लाग्ने कि नलाग्ने भन्ने स्पष्ट हुनुपर्ने प्रश्न गर्दै अत्यावश्यक काममा ऋण लिनै नपाउने अवस्था सिर्जना नहोस् भन्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीकै रोशन कार्कीले मिटरब्याजीका समस्यालाई समाधान गर्ने हो भने बैंकका प्रक्रियालाई सरल गर्नुपर्ने बताउनुभयो। नेकपा (एकीकृत समाजवादी) का अम्बरबहादुर थापाले वित्तीय संस्थाले चर्को ब्याज लिन नपाउने अवस्था सिर्जना गर्न माग गर्नुभयो।

स्वतन्त्र सांसद डा अमरेशकुमार सिंहले बैंक तथा वित्तीय संस्थाले ठूला व्यापारिक संस्थालाई विनाधितो करोडौं ऋण दिने र कुनै किसानले रु एक लाख पाउन पनि जायजेथा राख्नुपर्ने अवस्था अन्त्य हुनुपर्ने माग गर्नुभयो।रासस

# पाठकको रुचिमा इतिहास, संस्कृति र साहित्यका पुस्तक

काठमाण्डु । पुस्तक प्रदर्शनीमा आउने पाठकले इतिहास, संस्कृति र साहित्यका पुस्तक बढी मन पराउन थालेका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानको ६६औं वार्षिकोत्सवका अवसरमा जारी पुस्तक प्रदर्शनीमा इतिहास, संस्कृति र साहित्यका पुस्तक बढी बिक्री भएका हुन् । प्रदर्शनीमा प्रतिष्ठान र साझा प्रकाशनद्वारा प्रकाशित पुस्तक राखिएको छ।

प्रदर्शनीमा इतिहाससम्बन्धी 'सिञ्जाको ऐतिहासिक रुपरेखा', लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, सत्यमोहन जोशीको 'नेपाली चाडपर्व', एसपी आशाको ऐतिहासिक उपन्यास 'हामीले कसरी प्रजातन्त्र ल्यायौं', प्रा नीलमणि ढुङ्गानाको 'व्युत्पत्तिमूलक संस्कृत-नेपाली शब्दकोश' विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासलगायत पुस्तक बढी बिक्री भएको साझा प्रकाशनका प्रदर्शनी संयोजक पुण्य बखेरेलले राससलाई जानकारी दिनुभयो।

प्रदर्शनीमा रु एकदेखि रु तीन हजार पाँच सयसम्मका पुस्तक राखिएको छ । रु एक मूल्य पर्ने 'हबल्दार देवीप्रसाद' र 'भीमसेनपाती', रु तीन हजार पाँच सय मूल्यपर्ने प्रज्ञा नेपाली वृहत् शब्दकोश पुस्तक प्रदर्शनीमा राखिएको हो । सांस्कृतिक संस्थानले प्रकाशन गरेको नेपाली संस्कृति पुस्तिका पनि रु तीनमै पाइन्छ । यसलाई पनि पाठकले मन पराएका छन् । यसका विभिन्न अङ्क साझा प्रकाशनको प्रदर्शनी कक्षमा राखिएको छ।


पुरातत्व विभागले प्रकाशन गर्ने प्राचीन नेपालका विभिन्न अङ्क पनि प्रदर्शनीमा पाउन सकिन्छ । साझाको प्रदर्शनी कक्षमा चार सय ९२ थरिका पुस्तक राखिएको र दैनिक कम्तीमा पनि रु बीस हजार बराबरको पुस्तक बिक्री हुने गरेको उहाँले बताउनुभयो । प्रतिष्ठानको बिक्री कक्षमा पनि दैनिक कम्तीमा रु ३० हजारसम्मका पुस्तक बिक्री हुने गरेको व्यवस्थापक सुधीर ढुङ्गेलले जानकारी दिनुभयो। रासस

आवश्यकता

रौनियार सेवा समिति जनकपुरधाम
जातिय संस्थालाई फुल टाईम मेनेजरको आवश्यकता छ।
नोट : तलब आपसी छलफलमा
सम्पर्क :-
९८४४२७६११०, ९८५४०२०७९१, ९८५४०२७११६

प्रदेशका सांस्कृतिक तथा धार्मिक महत्वका सम्पूर्ण नदीनालाका पहिचान गरी सो को संरक्षण र सम्वर्द्धनका लागि "प्रदेश प्रमुख नदीनाला नियन्त्रण तथा जल संरक्षण कार्यक्रम" अभियानलाई सफल पारौं।

मधेश सरकार
मधेश प्रदेश
उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मृतकले न्याय पाउने वातावरण बन्नुपर्छ

दाइजोको कारण हत्या हुने क्रम मधेशमा बढेको छ। जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर ९ थापा चोकमा दाइजोकै कारण आरती साहको हत्या भएको घटना सेलाउन नपाउँदै रौतहट जिल्लाको मौलापुर नगरपालिकाको वडा नम्बर ४ पतौरामा कविता साह र उनकी २० महिने अबोध छोरीको दाइजोको कारण हत्या भएको आरोप लागेको छ। आरती साहका पति र ससुरा जिल्ला अदालतको आदेशबाट पुर्पक्षका लागि थुनामा छन्। कविता साहका पति र ससुरा भने फरार छन्। उनका सासु र जेठानीलाई प्रहरीले अनुसन्धानको क्रममा थुनामा राखेको छ।मधेशमा हुने महिलामाथि हिंसामा दाइजो प्रमुख कारण मानिन्छ।दाइजोको कारण महिलालाई पूरा परिवार मिलेर चरम यातना दिने, सम्बन्ध बिच्छेद गर्न बाध्य बनाउने र अन्तिममा हत्या नै गरिन्छ। धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर ९ थापा चोकमा आरती साहको हत्या भएको र त्यसमा उनका पति र ससुरासमेतको संलग्नता रहेको प्रहरी अनुसन्धानबाट देखिएको छ। जिल्ला अदालत धनुषाले उनीहरुलाई पुर्पक्षका लागि थुनामा पठाएको छ। कविताको हत्यामा संलग्नहरुको खोजी कार्यलाई प्रहरीले तीव्र बनाएको छ। दाइजोका लागि हुने गरेको क्रुरतापूर्ण हत्यामा संलग्न रहेकाहरुलाई हदैसम्मको कारबाही हुनुपर्छ।सरकारले दाइजो सम्बन्धी हत्यामा संलग्न रहने परिवारका सदस्यहरुलाई सर्वस्व समेतको आजीवन काराबासको सजायको व्यवस्था गर्नुपर्छ। दाइजोको कारण हत्यामा संलग्न हुनेहरुलाई हँदै सम्मको कारबाही हुने कानुन बनाउनुपर्छ। जनकपुरधाम उपमहानगरपालिका र मौलापुर नगरपालिकामा भएको हत्याले सभ्य समाजको शिर निहुराएको छ। दाइजो लेनदेनलाई प्रतिष्ठाको विषय बनाउने कथित सम्भ्रान्त र ससुरालीबाट सम्पत्ति ल्याएर मस्ती गर्ने सौंच भएका मध्यमवर्गीय परिवारमा पनि दाइजो बिकराल रुप धारण गरेको छ। कानुनले दण्डनीय अपराध मानेको दाइजोलाई समाजलेपनि अब सामान्य रुपमा स्वीकार गरिरहेको छैन्। जनकपुरधाम उपमहानगर र मौलापुर नगरपालिकामा भएको हत्यामा संलग्न दोषीहरुलाई हदैसम्मको कारबाही हुने पक्षमा सबै लाग्नुपर्छ। मृतकले न्याय पाउने वातावरण बन्नुपर्छ। आरती साहको हत्या सम्बन्धी प्रहरीले गरेको अनुसन्धानकै आधारमा अदालतबाट पुर्पक्षका लागि थुनामा पठाएको छ। पीडित पक्षमा आक्रोश हुनु अस्वभाविक होइन्। तर आक्रोशले मात्र कानुनी प्रक्रिया पूरा हुँदैन्। कानुनी प्रक्रिया पूरा गर्ने निकायलाई पीडित पक्षले सतर्कतापूर्वक सहयोग गर्नुपर्छ। प्रहरीले पीडित पक्षलाई सहयोग नगरे त्यसको पनि कानुनी उपचार छ। आशंकाको भरमा कसैलाई आरोप लगाउनु न्यायोचित नहुनसक्छ। मृतकलाई न्याय दिलाउन सबै पक्ष एकजुट भएर लाग्नु पर्छ। प्रहरी कार्यालय साझा सम्पत्ति हो। त्यसको मर्यादा कायम राख्न पनि समाजले सहयोग गर्नुपर्छ। पीडितलाई सहयोग गर्नु प्रहरीको कर्तव्य र जिम्मेवारी पनि हो। त्यसका लागि पीडित पक्ष पनि सहज हुनुपर्छ। दोषीलाई कानुनी दायरामा ल्याएर हदैसम्मको सजाय गराउन प्रहरीको भूमिकालाई प्रभावकारी बनाउन पीडितपक्षले सहयोगी भूमिका निर्वाह गर्नुपर्छ।पीडितको आक्रोशलाई प्रहरीले अस्वभाविक रुपमा लिनु हुँदैन्।

# नेताले देशलाई चिन्न नसकेको कि जनताले 'नेता' छान्न नसकेको ?



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

मित्र माधव अधिकारीको सामाजिक सञ्जालमा एउटा स्टाट्स यस्तो आयो, "कस्तुरीले आफ्नो नाइटोभित्र लुकेको सुगन्धको चाल नपाएझैं हाम्रो सुन्दर देश नेपाललाई पनि नेताहरुले किन चिन्न नसकेको होला" ? माधवजी पुराना पत्रकार र सफल व्यवसायी पनि हुन्।

उहाँको मनको उपज त पक्कै होइन्। बर्षमा एकचोटी धान दिवस आउँछ, त्यो दिन कमसेकम किसानले हलो जोतिरहेको, मजदुरले बीउ उखेलिरहेको र धान रोपाईको तस्विर आउनुपर्नेमा त्यहाँपनि आफ्नो टेलिभिजनमा अनुहार देखाउनका लागि नेताहरु बुट लगाउने सुट पहिरण गरकै अवस्थामा धान रोपाई गरेको दृश्य देशभरका विभिन्न ठाउँको हेर्यौं। पूर्वप्रधानमन्त्री केपि ओलीपनि धान रोप्नु भयो। कामरेड, मजदुर ओली महानुभावले सेतो वस्त्र धारण गरेर रोपाई गर्न लाग्दा दुईजनाले ओली बा! नलडुन् भनेर कसेर पक्रेको थियो। हरेक क्षेत्रमा नेता पसेको छ।

जहिलेदेखि नेताहरुले धान रोपाईको नाट्क शुरु गऱ्यो, त्यो बेलादेखि नै बर्षेनी अर्बो मूल्यको चामल आयात खुल्यो। धान त त्यति फलेन, तर नेता व्यापक रुपमा फलेको छ। कुनैपनि मुलुकलाई नेताको माग भएमा नेपाल निर्यात गर्ने क्षमतामा पुगेछ। हाम्रो यहाँ समाजवाद, साम्यवाद, माओवाद, गान्धिवादलगायत विभिन्न 'बाद'का नेताहरु छन्। थुप्रै बादले गर्दा सधैं बादविवाद भइरहन्छ। अव, धान निर्यातको आशा छौंडो र धान रोप्ने नेताहरुकै निर्यात गरौं। कुनै मुलुकले यी नेताहरुलाई स्विकार गर्छ भन्ने सम्भावना छैन्। धान रोप्नका लागि चन्द्रमा मैं पठाइदिनु पर्छ। त्यसपछि, निश्चित रुपमा मुलुकको विकास हुनेछ।

यस्ता दृश्यहरु देखेर मेरो मन कोतुहुल भयो। के वास्तवमा नेताले नेपाललाई नचिने हो कि जनताले 'नेता' चिन्न नसकेको हो। नेपाली जनताको दयनीय अवस्थालाई केन्द्रमा राखेर दलहरुले नेपालमा पटक पटक आन्दोलन गरेका हुन्। नेपालीको मुहार फेरिने र समुन्नत राष्ट्र निर्माण गर्ने पटक पटक वाचा नेताहरुले गरेका हुन्। हिमालदेखि तराईको कुनाकाप्चासम्म नेताले भरिएको मुलुक हो यो। एउटा उखान छ, "धेरै जोगी मठ उजाड।" अर्थात, अत्यधिक नेताहरुको जमघटको कारणले मुलुकको विकास नभएको भनेर प्रश्न उठ्नु स्वभाविक हो। कारण जे भएपनि, अधिकांस नेताहरुको गतिविधिलाई नियाल्दा नेपाललाई एक दुहुनो गाईको रुपमा सम्झेको वा चिनेको छ।

राजनीति एक सुरक्षित र भरपर्दो व्यवसायको रुपमा परिणत भएको छ। पार्टीले टिकट दिएपनि नदिएपनि नेता र कार्यकर्ताहरुका लागि कर्मचारीहरुको सरुवा र युवालाई जागिर लगाइ दिने, ठेक्कापट्टाका साथै मधयस्थतालगायत विभिन्न प्रकारले अर्थोपार्जनका लागि थुप्रै ढोका खुल्ने गर्दछन्। ति ढोकासम्म पहुँच बनाउनका लागि तपाईमा माथिल्लोस्तरका नेतालाई रिझाउने कला हुनुपर्दछ।

सोही कारणले न हो, विगत तीन दसकको अवधिमा स्थानीय तहदेखि माथिल्लो उच्च पदसम्म पुगेका नेतामध्ये प्रायः सवैको जीवनशैली फेरिएको छ। बरु, जनताले नेतालाई चिनेर पनि बुझपचाइ गर्दा आज मुलुक विकास र रोजगारको नाममा पिछडिएको हो। पटक पटक ठगाइमा परेपनि अझैं एकपटक मौका दिनुपर्छ। पार्टीको उम्मेद्वार हो, आफ्नै जातको हो, आफ्नो क्षेत्रको हो र उनले अव कुनै गल्ति नगर्ने कसम खाएछ, अव जनताप्रति समर्पित भएर काम गर्नेछ। यो राष्ट्रवादी हो। यस्ता, कुराहरुलाई आधार बनाएर अधिकांस मतदाताले मतदान गर्दे आइरहेका छन्। यसो हेर्दा, नेताभन्दा मतदाता नै बढी दोषि छन्।

मुलुकमा पुनः प्रजातन्त्र स्थापनाका लागि नेपालीले बलिदान गरेको छ। सोही शहादतको वलमा मुलुक प्रजातान्त्रिक मार्ग हुँदै सङ्घीय गणतान्त्रिक मुलुकको रुपमा परिणत भएको हो। नेताहरुको पनि ठूलो त्याग छ। बषौबर्षसम्म कारागारमा बस्नु पऱ्यो र अनेकौं प्रकारका यातना सहनु परेको थियो। पञ्चायतकालमा दर्जनौ व्यक्तिको सम्पति राज्यले अधिग्रहण गरेको थियो। सुवर्ण शमशेर, रामराजाप्रसाद सिँह, सिके प्रसाईलगायतको जग्गा सरकारले अधिग्रहण गऱ्यो। अहिले, त्यहीं जफत गरिएका सुवर्ण शमशेरको ललिता निवासको जग्गालाई किर्ते गरी व्यक्तिको नाममा दर्ताको विषयमा मुद्धा चलिरहेको छ।

प्रजातन्त्रको पुनःस्थापनापछि अव मुलुक कानुनी राज्यको परिणत हुने र मुलुकमा सुख सम्बृद्धि हुने विषयमा जनता विश्वस्त थिए। माओवादीहरुले जनताहरुको उज्जवल भविष्यका लागि जनयुद्ध नै गरेको थियो। सानो मुलुक नेपालका जनताको दयनीय आर्थिक अवस्थाको बारेमा थाहा हुँदाहुँदै पनि यत्रो दुःख कष्ट यातनाबाट खारिएका नेताहरुले मुलुकको नेतृत्व गर्दा पनि किन जनताको आधारभूत आवश्यकता पनि पूर्ति गर्न नसक्नुको कारण खोतल्नु पर्दछ।

एक विकसित राष्ट्रको स्वरुप ग्रहण गर्नका लागि आवश्यक सवै पूर्वाधार नेपालमा छ। तर, पनि नेपालमा जहिलेपनि सत्ताको खिचातानीले गर्दा जनतामा नैराश्यता छाएको र बेरोजगारी बढ्दै गइरहेको देखेर माधवजीको पीडा छचल्किएको हो, जस्तो बुझिन्छ। हुन त नेपालका अधिकांस नेपालीको मनको कुरा हो, यो। हिमाल, पहाड, चुरे भाँवर र तराइसहितको भोंगोलिक बनोट भएको यो मुलुक विश्वकै दोश्रो ठूलो जलस्रोतको धनी राष्ट्र हो। युवाहरुको जनशक्ति पनि छ। मुलुकका लागि योगदानगर्ने उत्साह पनि छ। तर, दुर्भाग्य! मुलुकमा रोजगार नपाएर युवाहरुलाई घरपरिवार पाल्नका लागि मरुभूमिको उच्च तापक्रममा काम गर्नु परिरहेको छ। समुद्रसँग नजोडिएपनि एक विकसित राष्ट्रको श्रेणीमा पुग्नका लागि हामीसँग सवै थोक छ। तीन दसकअघि नै एशियाको विकसित राष्ट्रको श्रेणीमा नेपाललाई पुऱ्याउने प्रतिबद्धता नेताहरुले गरेका थिए। त्यो प्रतिबद्धता घुमाउरो पारामा नेताहरुले आफ्ना लागि गरेका थिए। त्यो कुरा अधिकांस नेताहरुको उच्च धनाढ्यजस्तै जीवनशैलीबाट पुष्टि हुन्छ।

नेपालमा प्रजातन्त्र स्थापनापछि नेपालका कम्युनिष्टहरुले काँग्रेसलाई पुञ्जिवादी पार्टी भन्ने गर्दथे। तर, प्रजातन्त्र आएको एक दसक नबित्दै सत्तामा पुगेका कम्युनिष्ट पार्टीहरुले काँग्रेसलाई पुञ्जिवादी दल भन्न छोडेको छ। किन भन्न छोड्यो भनेर ति दलका नेताहरुलाई कसैले सोधेको पनि छैन्। सोधेपनि घुमाउरो पारामैं जवाफ दिनेछन्। किनभने, ति कम्युनिष्ट नेताहरुको जीवनशैली उच्च धनाढ्य घरानाको रुपमा परिणत भइसकेको छ।

विभिन्न जाति, धर्म, संस्कृति, भाषा भेषभुषाले भरिएको यो मुलुकमा पर्यटकलाई आकर्षित पार्नका लागि सयौंको सङ्ख्यामा रमणीयस्थलहरु छन्। हिन्दुहरुको अराध्यदेव पशुपतिनाथको मन्दिर, बुद्धजन्मस्थल लुम्बिनी, मुस्ताङ्को मुक्तिनाथ मन्दिर, जनकपुरको जानकी मन्दिरलगायत दर्जनौं यस्ता मन्दिरहरु छन् जसले लाखौंको सङ्ख्यामा विश्वका हिन्दुहरु आकर्षित पार्छन्। यसका साथै विश्वको सवैभन्दा उच्च हिमश्रृङ्खला सगरमाथाले नेपालको गौरवमा अभिबृद्धि गरेको छ।

जुन किसिमको नेपालको भौगोलिक बनोट छ। त्यसको ठीक ढङ्गले सदुपयोग गर्नुपर्ने थियो। जनतालाई वास्तविकताबाट परिचित गराई लघु र दीर्घकालीन योजना बनाउनुपर्ने थियो। त्यो नगर्दा अहिले चुरे क्षेत्रको विनासको कारण तराईका उब्जाउ भूमि मरुभूमिमा परिणत हुने खतरा देखिन थालिएको छ। पहाडी जिल्लामा सुन्तला र स्याउको उत्पादनले राष्ट्रको मागलाई पूर्ति गर्न नसक्ने अवस्थामा छ। एकताका नेपाल खाद्यान निर्यात गर्दथ्यो। दुई दसकदेखि अर्बो मूल्यको खाद्यान आयात गर्नु परिरहेको छ। पहाडमा फलफुलमा स्याउ, सुन्तलाका साथै बेमौसमी तरकारी उत्पादन गरेर मनग्यै आम्दानी गर्न सकिन्छ। हुन त पूर्वी क्षेत्रको पहाडी जिल्लाहरुमा अदुवा, अलैंचीका साथै वेमौसमी तरकारीको उत्पादन भइरहेको छ। यसरी, राष्ट्रियस्तरमैं भएको भए, मुलुकको मागलाई आपूर्ति गर्नुका साथै ठूलो परिमाणमा निर्यात हुन्थ्यो। कृषि क्षेत्रमा सरकारको अहिलेसम्ममा अर्बोको लगानी गरेको छ। दक्ष जनशक्ति पनि छ। तापनि, कृषि क्षेत्रमा आत्मनिर्भर हुन नसकेको हो। कृषक दुब्लाउँदै गएको र कृषिका कर्मचारीहरु दिनानुदिन मोटाउँदै गएको छ।

विश्वमा सम्भवतः कमैं यस्तो मुलुक होला जहा पटक पटक व्यवस्था परिवर्तन भएको हो। नेपालमा ७० बर्षको अवधिमा चारपटक व्यवस्था परिवर्तन भएको छ। नेपालको शासकीय सत्तालाई चार भागमा विभाजित गर्दा पहिलो २००७ सालको सशस्त्र क्रान्तिको फलस्वरुप राणा शासनको अन्त्य र पहिलो संसदीय निर्वाचनको माध्यमबाट २०१६ सालमा विशेश्वरप्रसाद कोइरालाको नेतृत्वमा गठित सरकार। दोश्रो, २०१७ सालदेखि २०४६ सालसम्म ३० बर्षको पञ्चायती व्यवस्थाको अवधि, तेस्रो २०४६ सालदेखि २०६१ सालसम्म लोकतान्त्रिक सरकार र चौंथो २०६३ देखि अहिलेसम्मको सङ्घीय गणतन्त्रको अवधि। २०६१देखि १५ महिना शाही शासनबाहेक चार भागमा वर्गीकरण गर्दा पहिलो अवस्थामा जनतामा त्यति जागरुकता थिएन्। दोश्रो पञ्चायतकालको अवधिमा जनतामा जागरुकता बढ्दै गयो। तेस्रो अवधिको कार्यकालको शुभारम्भदेखि जनतामा सचेतना आइसकेको थियो। त्यसको फलस्वरुप नेपालमा पुनः प्रजातन्त्र स्थापना भयो। तर, सोही अवधिमैं मुलुक अधोगतितर्फ उन्मुख भएको हो।

२०१७ सालमा हठात् रुपमा राजा महेन्द्रले शासनसत्ता आफ्नो हात लिनुका साथै प्रधानमन्त्री विपी कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिँह, रामनारायण मिश्रलगायत दर्जनौं काँग्रेसी नेताका साथै कम्युनिष्टका नेताहरुलाई पक्राउ गरिएको थियो। काँग्रेस र बामपन्थी पार्टीका सयौं नेता र कार्यकर्ताहरुले भारतमा आश्रय लिएका थिए। गिरिजाप्रसाद कोइरालापनि साढे आठ बर्ष जेल विताएको थियो। बामपन्थी नेता मोहनचन्द्र अधिकारीले १६ बर्ष, केपि ओलीले १४ बर्ष जेल विताएका हुन्। थुप्रै नेताहरुले प्रजातन्त्र पुनःस्थापनाका लागि लामो समयसम्म जेल बसेका छन्। लामो त्याग र तपस्याको कारण नेपालमा प्रजातन्त्रको पुनःस्थापना भयो। ति नेताहरुकै नेतृत्वमा सरकार पटक पटक गठन भयो। तापनि, जनताले लोकतान्त्रिक पद्धतिको उपलब्धिको अनुभूति किन गर्न पाएनन्। यत्रो लामो कष्टप्रद जीवन विताएको व्यक्तिको नेतृत्वमा सरकार गठन हुँदापनि किन जनताका समस्या ओझेलमै रह्यो। त्यसको दुई कारणमध्ये पहिलो दलहरुबीच आपसी तालमेल नहुनु र सत्ताधारी काँग्रेसभित्र गुटबन्दीको राजनीति। दोश्रो, अधिकांस निर्वाचित जनप्रतिनिधिहरुमा उच्च जीवनशैली विताउने चाहना। प्रजातन्त्रको पुनःस्थापनापछि जनताको आधारभूत आवश्यकतालाई परिपूर्तिका लागि काम पनि भएको हो। २०४८ सालमा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बनेपछि उनले शिक्षा र स्वास्थ्यमा सवैभन्दा बढी जोड दिएको थियो। प्रत्येक गाविसमा कम्तिमा एउटा स्वास्थ्यचौकी र चार पाँच गाविसबीचमा एक प्राथमिक स्वास्थ्य केन्द्रको निर्माण एवम् विद्यालयको भवन निर्माणलगायतका पूर्वाधारलाई पहिलो प्राथमिकता दिइएको थियो। २०५१ सालमा मनमोहन अधिकारी प्रधानमन्त्री भएपछि 'आफ्नो गाउँ आफैं बनाउ' योजनाअन्तर्गत प्रत्येक गाविसलाई तीन लाखको बजेट र बृद्धभत्ताको शुभारम्भ गरेको थियो। शेरबहादुर देउवाले आफ्नो कार्यकालमा पश्चिममा रहेका वादी प्रथा र कमैया प्रथाको उन्मूलन गरेको थियो। सडक सञ्जालको पनि विस्तार हुँदै गएको पनि सत्य हो। तर, जनतामा धेर्यताको कमी थियो। एकैपटकमैं सवै थोक खोजिएपछि मुलुकमा दलहरु प्रति अविश्वास बढ्दै गयो। यस गतिविधि उत्पन्न गर्नका लागि प्रतिपक्ष दलहरुले जनतालाई उचाल्नसम्म उचालेको थियो। सरकारप्रति अविश्वासको वातावरण बन्नमा कतिपय कर्मचारीहरुले सेवाग्राहीको सेवाप्रदायक जवाफदेहिता इमान्दारितापूर्वक निर्वाह नगरेको र राज्यको दोहन पनि गरेको थियो। त्यसकारणले जनतामा सरकारप्रति वितृष्णा बढ्दै गयो। त्यसको प्रत्यक्षरुपमा माओवादीले फाईदा पाए। सोही कारणले पाँच बर्षमैं माओवादी सशक्त अवस्थामा पुग्यो। को कति दोषि छन् वा कसले कसलाई चिन्न नसकेको भन्ने विषयमा निर्क्यौलमा पुग्न त्यति सहज छैन्।

**बाहुवली बालेन्द्रको जय**

बालेनलाई बधाइका पात्र हुन्। भिमसेन थापापछि अर्को राष्ट्रवादी बालेनलाई सलाम टक्रयाउनुपर्छ। सुगौली सन्धिको कारण नेपालको करिव ४० प्रतिशत भुभाग गमेको हो। अव, त्यसलाई फिर्ता ल्याउनका लागि काठमाडौंका अति साहसी, निडर मेयर बालेन्द्र शाहले 'ग्रेटर नेपाल'को नक्सा झुण्डाएको छ। घरघरमा सो नक्सा झुण्डाउनुपर्छ। ग्रेटर नेपालको नक्सामा उल्लेख गरिएका विहार, उत्तर प्रदेश, पश्चिम बङ्गाल, उत्तराखण्ड, हिमाचल प्रदेशका साथै बङ्गलादेशको दुई जिल्लाका भुभाग र करिव तीन करोड जनसङ्ख्या नेपालमा समाहित भएपछि, ४० साठीमा पुग्नेछ र साठी ४० मा झर्नेछ। सन् १९४७मा अंग्रेज भारत छोड्ने बेलामा सुगौली सन्धिमार्फत जितेको भुभाग फिर्ता गर्न खोजेको थियो। जनसङ्ख्याको जोडघटाउ गर्दा ति भुभागहरु फिर्ता लिँदा ठूलो परिमाणमा जनसङ्ख्या थपिएपछि कतै राजधानी काठमाडौंबाट जनकपुर सर्ने त होइन् भन्ने मनमा पक्कै लागेको हुनुपर्छ। जङ्गबहादुरले सन् १८५७को सैनिक विद्रोहलाई दमन गर्न नेपालबाट सेना पठाएको थियो। नेपाली सेनाले विद्रोहीमाथि जित कायम गऱ्यो। त्यसको फलस्वरुप चार बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका क्षेत्र उपहारमा पाएका थिए। तसर्थ, राणाहरु बडो होसियार थिए। राष्ट्रिय पहिचानमा आँच आउन दिनु हुँदैन् भन्ने विषयमा बढी सजग रहन्थ्यो।

त्यतिकैमा कहाँ सिमीत रहनु छ र, । विसं १७९२ अर्थात सुगौली सन्धिअघि नेपालमाथि तिव्वतको पक्ष लिएर चीनले आक्रमण गरेर नुवाकोटको वेत्रावतिसम्म कब्जा गरिसकेको थियो। त्यसपछि, सन्धिको बुँदा नं ४मा नेपाल र तिब्बतको सिमानाको निर्धारण चीनको अधिकारीले गर्नेछ भन्ने उल्लेख गरिएको थियो। त्यो बुँदाको आधारमा चीनका अधिकारीले सीमा निर्धारण गर्दा उत्तरी क्षेत्रमा धेरै ठूलो भुभाग तिब्बतमा गाभि दिएको थियो। चीन मित्र राष्ट्र हो, बोल्न मिलेन तापनि, आफ्नो भुभाग फिर्ता ल्याउनुपर्छ। त्यसपछि, ग्रेटर नेपालको सपनाले साकार लिनेछ। यी दुइटै कार्य गर्न सक्यो भयो भने बालेन्द्र 'बाहुवली'को पदवीबाट सुशोभित हुनेछ। 'इतिश्री'

# सार्वजनिक ठाउँमा कसरी बोल्ने ? कति बोल्ने ?



नारायण प्रसाद चापागाई

मीठो र कर्णप्रिय बोली सबैलाई मन पर्छ। मानिसको व्यक्तित्व बोलीमा।झल्किन्छ। मीठो बोलीले मान्छेको गरिमा बढाउँछ। सार्वजनिक ठाउँमा बोल्दा एउटा वक्ताले धेरै पक्षमा ख्याल गर्नुपर्ने हुन्छ। एउटा वक्ता वा प्रस्तोताले बोलिरहँदा स्रोताको ध्यान आकृष्ट भै उसमा वक्ताको बोली सुन्ने इच्छा जागृत भैरहनुपर्छ। एउटा विद्धानले आफ्नो ज्ञान र सन्देश दिदैं गर्दास्रोताको आखाँ वक्ताको नजरबाट दायाँ वायाँ हुन्छ, स्रोताले हाई काड्छ वा निदाउँछभने उक्त विद्धानलाईकुशल वक्ता मान्न सकिदैन। बोलीमा रस र मिठास कायम राख्दै स्रोतालाई आफ्नो कुरा सुन्ने इच्छा जागृत गराइरहनु कुशल वक्ताको खुबी हो।

कार्यक्रम सफलताको शुभकामना दिनको लागि भनेर बोलाउँदा वक्ताले कार्यक्रमको औचित्य र उद्धेश्यबारे छोटो कुरा राखेर आयोजकलाई धन्यवाद दिदै कार्यक्रम सफलताको कामना गर्ने मात्र हो भनेर धेरैले बुझ्दैनन् अनि व्यक्ति विशेषको गुणगान गाउँदै आफुलाई केन्द्रविन्दुमा राखेर लामो भाषण गरिदिन्छन्। सार्वजनिक सभा, समारोह, गोष्ठी र सेमीनारहरुमा अधिकांश अतिथि र वक्ताहरुले शुरुवातमा ब्यानरतिर फर्केर ब्यानर पढ्दै फलानो कार्यक्रमको सभापति ज्यु भनेर सम्बोधन शुरु गर्छन्। कतिपयले आत्मविश्वासको कमिको कारण पनि ब्यानर हेर्ने गरेको पाइन्छ भने कतिपय त आफु कुन कार्यक्रममा सरिक छु भन्ने अलमल भएर पनि ब्यानर पढ्छन्।जुनसुकै अर्थमा पनि कार्यक्रममा वक्ताले ब्यानर हेर्नु राम्रो मानिदैन। कार्यक्रमकै वारेमा प्रस्ट नभएको मान्छेले के सन्देशमुलक कुरा गर्ला र भन्ने आम मानिसमा पर्छ।

माइक्रोफोनको अघि बोल्दा चर्को स्वरमा छिटो छिटो बोल्ने धेरैको बानी हुन्छ। अनौपचारिक रुपमा बोल्दा जसरी हामी सहज तरिकाले सामान्य आवाजमा जुन गतिमा बोल्छौं, त्यही शैलीमा त्यही मौलिकतामा सार्वजनिक रुपमा बोल्न सक्नुपर्छ। आफ्नो मौलिकता कायम राख्दै बोलीलाई कसरी रसिलो, कसिलो, सरल, सरस बनाउने भन्ने तर्फएउटा वक्ताले ध्यान दिने हो अरुको नक्कल गर्दै बोलीमा कृत्रितमा ल्याएर प्रस्तुत हुनु राम्रो हुँदैन।

कतिपय व्यक्तिले मन्तव्यको क्रममा बोल्दै गएर आधा घन्टापछि मैले भन्न खोजेको कुरो के हो भने ..... भनेर थप कुरा जोड्छन्। कतिपयको एउटै कुरा पटक पटक दोहोर्योउने बानी हुन्छ। कतिपयले त माइक्रोफोन समातेपछि विना प्रसंग आफुले जाने बुझेका व्रह्माण्डका सबै कुरा सुनाउँछन्। वक्ताको यस्तै भाषण शैलीले गर्दा स्रोता वा सहभागीहरु चिडिएको, निदाएको, मोबाइल चलाएको, हाई काढेको दृश्य विभिन्न कार्यक्रमहरुमा देखिन्छ। कार्यकारी पदमा रहेका कतिपय व्यक्तिले आफुले गरेका कामको अतिशयोक्ति गरी सम्पुर्ण राम्रो कामको जश आफुले लिएर अरुको बदख्वाईं गर्न तम्सिन्छन्।

सार्वजनिक ठाउँमा बोल्ने मान्छे जहिले पनि शान्त मुद्रा र सकरात्मक चिन्तन बोकेर उभिनुपर्छ। कार्यकारी पदमा रहेको व्यक्तिको बोली तथ्यमा आधारित, छोटो, मिठो र आत्मविश्वासयुक्त हुनुपर्छ। राम्रो कामको श्रेय आफुले मात्र नलिई अधिनस्थ कर्मचारीकै कारण र टिमवर्ककै कारण उपलब्धि हासिल हुने हँदा उपलब्धिको जशको ठुलो हिस्सा सहायक कर्मचारीहरुलाई दिन कन्जुस्याईं गर्नु हँदैन।

एउटा कुशल वक्ताले सधैं स्रोताको एटेन्सन आफुपट्टि छ वा छैन भन्नेमा सतर्क भैरहनुपर्छ। त्यसो त स्रोतालाई बुझाउन खोजेको कुरा सधैं रसिलो र मिठासयुक्त हुन्छ भन्ने छैन तर त्यस्तो अवस्थामा पनि वक्ताले ह्युमर कन्टेन्ट खोज्नुपर्छ। स्रोताको ध्यान आफुतिर कम छ भन्ने लाग्नासाथ वक्ताले कुनै सायरी, मुक्तक, चुट्किला, लघुकथा वा कुनै सन्दर्भ.. विषयवस्तुअनुसार जे उपयुक्त हुन्छ त्यही सुनाएर स्रोताको ध्यान आफुतिर खिच्नुपर्छ।

भनिन्छ नि, बोलीले संसार जित्न सकिन्छ। तर त्यही बोली संसार सिध्याउने अस्त्र पनि बन्न सक्छ। अर्को जनश्रुति छ , बन्दुकको गोली र बोलेको बोली छुटेपछि फिर्ता ल्याउन सकिन्न। वास्तवमा गोली भन्दा पनि खतरनाक चिज हो बोली। अरुलाई अपहेलित गरेर बोलेको तुच्छ बोलीका कारण गोली मात्रै होइन हजारौं मिसाइल बर्सिन सक्छन्। ईतिहासमा भएका युद्धमात्रै होइन वर्तमान विश्वमा भइरहेका सामयिक युद्ध र द्धन्द्धको मूल कारण अर्कोको स्वाभिमानको कदर नगरी व्यक्त गरिने तुच्छ र कुत्सित बोली नै हो।त्यसैले, व्यक्ति बोल्दा जहिले पनि संयमित र सन्तुलित भएर बोल्नुपर्छ। बोली व्यक्तिको मुख्य चरित्र हो। जति पनि महान् सद्गुणी व्यक्तिहरु छन् उनीहरु बोलीकै कारण विश्वचर्चित छन्। मीठो र नम्र बोलीले सम्बन्धलाई सुमधुर बनाउने मात्रै होइन थप मजबुत, दिगो र चीरस्थायी बनाउँछ।

*कोही बोलीमा रस हुन्छ, कोही बोलीमा रिस,*
*यही बोलीले गर्दाखेरी पिउँछ मान्छे विष,*
*अमृतको धारा हुन्छ, कोही बोलीमा धार*
*यही बोलीले गर्दा हुन्छ छाती वारपार*
*पुरन गिरीको शब्दमाउदय सोताङ्ग र मनिला सोताङ्गले गाएको यस गितले*
*पनि बोलीको प्रभाव र असरलाई उजागर गरेको छ।*
*न हतियार हो, न यसमा धार हुन्छ*
*तर यसबाट निकै ठुलो प्रहार हुन्छ*
*याद गर्नुस्, यो जिब्रोले दिएको चोट*
*न निको हुन्छ न कतै उपचार हुन्छ।*

मुक्तककारले नमीठो र दुर्वाच्य वोलीले दिएको चोट निको नहुने र त्यसको उपचार पनि नहुने तथ्य व्यक्त गरेका छन्।दुर्वचन वा कर्कश बोली कुनै पनि अर्थमाश्रेयस्कर हुँदैन। बरु उल्टो प्रत्युत्पादक र हानिकारक हुन पुग्छ। सार्वजनिक स्थानमा बोल्दा होस् वा व्यक्तिगत , पारिवारिक रुपमा नै बोल्दा किन नहोस् हरकोही सामान्य व्यक्तिसँग नम्रताको साथ र सम्मानको साथ नै बोल्नु उचित हुन्छ। कतिपय मान्छेहरु ससानो कुरामा पनि असहिष्णु भएर अभद्र तरिकाले प्रस्तुत हुन्छन् र सँगसँगै आफु असल रहेको पुष्ट्याईं गर्न आफु त सोचेर बोलिन्न, मनमा जे छ त्यही बोलिन्छ, मनमा एउटा मुखमा अर्को छैन् भन्ने जस्ता तर्कको सहारा लिन्छन्। वास्तबमा, सोच्ने भनेकै बोल्नका लागि हो। नसोची बोल्ने र मनमा जे छ त्यही बोल्ने हो भने त मान्छे के के बोल्दो हो १ सोचेर बोलौं, घोचेर होइन। रिसयुक्त होइन, रसयुक्त बोली सबैलाई प्रिय हुन्छ।



# पत्रकारले तोकेअनुसारको पारिश्रमिक पाउनुपर्छ : मन्त्री शर्मा



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले श्रमजीवी पत्रकारले तोकेअनुसारको पारिश्रमिक पाउने विषय आधारभूत विषय भएको बताउनुभएको छ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिले आइतबार यहाँ आयोजना गरेको श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका सम्बन्धमा सरोकारवालाबीचको अन्तरक्रियामा उहाँले जोसुकै श्रमजीवीले सरकारले तोकेको न्यूनतम ज्याला पाउनुपर्ने सम्बन्धित व्यक्तिको हक भएको स्पष्ट पार्नुभयो।

मन्त्री शर्माले समितिले समायानुकूल बनाएर सिफारिस गरेको पारिश्रमिकसम्बन्धी प्रतिवेदन कार्यान्वयनका लागि छलफलमा भइरहेको जानकारी गराउनुभयो । श्रमजीवीलाई पारिश्रमिक प्रदान गर्नुपर्ने निकायको पनि यस प्रक्रियामा संलग्नता भए कार्यान्वयनमा सहज हुने उहाँको धारणा थियो। उहाँले मन्त्रालयले सञ्चारसम्बन्धी आवश्यक कानुन निर्माण लागि प्रक्रिया अघि बढाइसकेको बताउँदै छलफलमा उठेका विषय र सुझावलाई कार्यान्वयनका लागि आत्मसाथ गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले निजी क्षेत्रमा पारिश्रमिक दिने विषयमा पारदर्शीता नभएको गुनासो आउने गरेको अवगत गराउनुभयो।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकारिता क्षेत्रमा नियुक्ति र तलब अनिवार्य गरी कार्यान्वयन नगर्नेलाई कारबाही हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले पत्रकारितामा पनि श्रम हुन्छ र श्रमले मूल्य खोज्छ भन्ने विषय बुझ्ने हो भने श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्न सहज हुने बताउनुभयो । समितिका अध्यक्ष सङ्गीता खड्काले श्रमजीवी पत्रकार ऐनमा भएका प्रावधान, कार्यान्वयनमा देखिएका चुनौती र समाधानका उपाय सम्बन्ध तथा महासङ्घका पूर्वअध्यक्ष डा महेन्द्र विष्टले मिडियाका श्रम समस्या, विद्यमान अवस्था र सुधारका क्षेत्र विषयको प्रस्तुति दिनुभएको थियो।

कार्यक्रममा विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं, वरिष्ठ पत्रकार बबिता बस्नेत, मिडिया सोसाइटी नेपालका अध्यक्ष शुभशङ्कर कँडेल, समाजवादी प्रेस सङ्गठन नेपालका अध्यक्ष विश्वमणि सुवेदी, नेपाल प्रेस युनियनका उपाध्यक्ष नकुल अर्याल, प्रेस चौतारी नेपालका महासचिव हीरामान लामा र प्रेस सेन्टर नेपालका महासचिव सन्तोष पौडेलले श्रमजीवी पत्रकार ऐन कार्यान्वयन सम्बन्धमा विभिन्न सुझाव दिनुभएको थियो। रासस

# वामपन्थी शक्ति एकजुट हुन आवश्यक : प्रधानमन्त्री दाहाल



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आमनेपाली र श्रमिक वर्गको हितका लागि सबै वामपन्थी शक्ति एकताबद्ध हुन आवश्यक रहेको बताउनुभएको छ।

कम्युनिष्ट पार्टीका संस्थापक स्व नारायणविलास जोशीको ३४औँ स्मृति दिवसका अवसरमा आइतबार आयोजित नारायणविशाल जोशी स्मृति प्रतिष्ठानको नवनिर्मित भवन उद्घाटन तथा जोशीको पूर्णकदको प्रतिमा अनावरण कार्यक्रममा उहाँले विगतका कमीकमजोरीको समीक्षा गर्दै फेरि नेकपातिरै फर्कनुपर्ने धारणा राख्नुभयो।

विश्वको कम्युनिष्ट आन्दोलन एकता, सङ्घर्ष विभाजनबाट गुज्रिँदै अगाडि बढेको उदाहरण दिँदै उहाँले यसअघिको एकताको असफलताबाट पाठ सिकेर कम्युनिष्ट एकता गर्न सबै लाग्नुपर्ने बताउनुभयो।

"एमाले र माओवादी केन्द्रबीचको एकताबाट नेकपा बनेपछि, आमजनतामा ठूलो उत्साह आयो, प्रतिक्रान्ति आतङ्कित भयो, तर दुर्भाग्य त्यो एकतालाई बचाउन सकेनौँ, यसप्रति म कसैलाई दोषारोपण गर्न चाहन्न । त्यतिबेला कहाँनिर हाम्रो विचार, राजनीति, आचरण, चिन्तन, संस्कृति, भावना कहाँनिर त्रुटि भयो, त्यसको गम्भीर समीक्षा गर्दै त्यसबाट शिक्षा लिएर एकताबद्ध भएर जानुपर्छ", उहाँले भन्नुभयो।

उहाँले तत्कालीन समयमा आफूले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग छिटोभन्दा छिटो कम्युनिष्टसँग एकता गर्दै देशलाई आर्थिक समृद्धितर्फ, समाजवादतर्फ लैजान सकिन्छ भनेको स्मरण गर्नुभयो । "कम्युनिष्ट एकता गरेपछि झण्डै दुई तिहाइ मत पनि प्राप्त भयो तर हामीले त्यसलाई जोगाउन सकेनौँ", उहाँले भन्नुभयो।

उहाँले समाजवादी मोर्चा गठन वामपन्थी एकताको सुरुआत भएको बताउनुभयो। उहाँले माधव नेपाल र आफूबीच फेरि नेकपातिर फर्केर पार्टीलाई एकताबद्ध गर्नुपर्छ भन्नेमा समझदारी भएको समेत उहाँको भनाइ छ।

"अहिले म, माधवकुमार नेपाल, विप्लव र उपेन्द्र यादव समेतले समाजवादी मोर्चा बनाएर वामपन्थीलाई एकताबद्ध गर्ने पहल सुरु गरेका छौँ", उहाँले भन्नुभयो।

सो अवसरमा नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले राजनीतिक क्रान्तिको काम सम्पन्न भए पनि समाजादको स्थापना गरी जनताको जीवनलाई आमूल परिवर्तन गर्ने जिम्मेवारी बाँकी नै रहेको बताउनुभयो।

"समाजवादको स्थापना गर्दै जनताको जीवनमा आमूल परिवर्तन ल्याउने मुख्य जिम्मेवारी कम्युनिष्ट पार्टीले मात्रै पूरा गर्न सक्छ", उहाँले भन्नुभयो, "अहिले त्यो जिम्मेवारी पूरा गर्ने कार्यको नेतृत्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरिरहनुभएको छ।"

नेकपा एमाले अनुशासन आयोगका अध्यक्ष अमृतकुमार बोहराले देशमा वामपन्थीको ठूलो जनमत हुँदा पनि कम्युनिष्ट आन्दोलन कमजोर बनेको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले कम्युनिष्टहरु विभाजित भएर होइन, जुटेर सबै एकैठाउँमा बसेर जानुपर्ने बेला आएको छ।"

मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले नगरपालिकाले शिक्षा र स्वास्थ्यका क्षेत्रमा ठूलो बजेट लगानी गरेको बताउँदै प्रतिष्ठानको भवनमा स्वास्थ्य क्लिनिक र आयुर्वेदिक अस्पताल सञ्चालन गर्न नगरपालिका तयार रहेको बताउनुभयो।

प्रतिष्ठानका कोषाध्यक्ष सुशीला सुवेदीले नारायणविलास जोशीको भवन निर्माण र सालिक स्थापनामा स्थानीय निकाय, प्रदेश सरकार एवं विभिन्न निकायबाट बजेटको व्यवस्थापन भएको बताउनुभयो।

प्रतिष्ठानका अध्यक्ष एवं बागमती प्रदेशसभाका कृषि तथा पशुपक्षी विकास् मन्त्री डा राजेन्द्रमान श्रेष्ठले कम्युनिष्ट पार्टीका पाँच संस्थापकमध्येका एक जोशीको योगदानलाई सधैँ जीवत राख्न प्रतिष्ठानले आफ्नै भवन निर्माण गर्दै प्रतिमा स्थापना गरेको बताउनुभयो। उहाँको योगदानलाई कम्युनिष्ट पार्टीले बिर्सन नहुनेमा जोड दिँदै कम्युनिष्टलाई एकताबद्ध बनाउन सबै नेतृत्व लाग्नुपर्ने औँल्याउनुभयो।

प्रतिष्ठानको भवन निर्माणका लागि प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष)बाट रु ९५ लाख ६४ हजार सात सय ७८, चाँगुनारायण नगरपालिकाबाट २४ लाख १० हजार छ सय ६५, सूर्यविनायक नगरपालिकाबाट रु २२ लाख ६९ हजार एक सय ९४ प्राप्त भएको छ । साथै सार्वजनिक निर्माण कार्यान्वयन कार्यालय गजुरी, धादिङबाट रु ३५ लाख ९६ हजार चार सय, सहरी विकास तथा भवन कार्यालय कुलेश्वर, काठमाडौँबाट रु नौ लाख ८८ हजार एक सय ९८, संस्थाबाट योगदान रु ११ लाख र ऋण दायित्व रु ४५ लाख गरी कूल दुई करोड ४४ लाख २९ हजार दुई सय ३५ खर्च भएको प्रतिष्ठानका सचिव महेन्द्रगोपाल कर्माचार्यले जानकारी दिनुभयो।

**हामी एकपटकको नेपाली सधैँका नेपाली हौँ: प्रधानमन्त्री**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देश र जनतालाई साक्षी राखेर ऐतिहासिक काम गर्ने आफ्नो सङ्कल्प रहेको बताउनुभएको छ।

'इन्ट्रा नेसनल वेलफेयर एण्ड सपोर्ट फाउन्डेसन अफ अमेरिका'द्वारा आयोजित 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'का प्रतिस्पर्धी प्रतिभासँगको आइतबार भएको भेटघाटमा प्रधानमन्त्रीले मुलुकको समृद्धि, सुशासनका क्षेत्रमा केही नयाँ गर्ने सोच रहेको बताउनुभयो।

प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "मैले भनेको थिएँ यसपटक म कुनै नराम्रो काम गर्दिन, नराम्रो काम हुन दिन्नँ । जति गर्छु, देश र जतालाई साक्षी राखेर राम्रो मात्र गर्छु, इतिहास र भावी पुस्ताले सम्झिने केही ऐतिहासिक काम गर्छु।"

सो अवसरमा प्रधानमन्त्रीले देश निर्माणको अभियानमा बलियो साथ दिन युवापुस्तालाई अपिलसमेत गर्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो, "आइतबार तपाईंहरू प्रतिभाशाली कलाकार भाइबहिनीहरूसँग यसरी भेट्न पाउँदा अत्यन्तै खुसी लागेको छ। आ-आफ्नो कला र प्रतिभा बोकेर आफ्नो मातृ तथा पितृभूमि नेपालसम्म आउनुभएका यहाँहरू सबैलाई म हार्दिक स्वागत तथा अभिवादन गर्दछु।"

विश्वको जुनसुकै कुनामा पुगेका, रहेका भए पनि आफू रहेकै स्थानबाट आफ्नो नेपाली भाषा, पहिचान र संस्कृतिको प्रचलन, संरक्षण र प्रवर्द्धनमा लाग्न प्रधानमन्त्रीले विशेष आग्रह गर्नुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, "विश्वका सबै देशको इतिहास र पहिचान त्यस देशको भाषा, संस्कार, संस्कृतिले नै निर्धारण गरेको हुन्छ । आफ्नो अलग्गै भाषा र संस्कृति भएका देशको विश्वमा अलग्गै र उच्च अस्तित्व रहन्छ । त्यसैले विश्वमा रहेका सबै नागरिकले आफ्नो भाषा र संस्कृतिको माया गरेका हुन्छन् ।" नेपाली र नेपालको पनि विश्वमा विशिष्ठ पहिचान रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो, "नेपालीलाई चिन्ने विविध विशेषतामध्ये हाम्रो अलौकिक, कला, भाषा, संस्कृति र सभ्यता पनि हो। विश्वको एक तिहाइभन्दा बढी जनसङ्ख्याको आस्थाका धरोहर गौतमबुद्धको जन्मस्थल तथा वैदिक सनातन धर्म र संस्कृतिको उद्गमस्थल नेपालका हामी नेपाली त्यसैले पनि विश्वका सबैभन्दा धेरै भाग्यमानी नागरिक हौँ। विश्व मानचित्रमा हाम्रो अलग र उच्च अस्तित्व रहेको छ।"

प्रधानमन्त्रीले पुनःजोड दिएर भन्नुभयो, "हामी एकपटकको नेपाली सधैँका नेपाली हौँ। तपाईं हामी जहाँ र जुन अवस्थामा रहे पनि हाम्रो भाषा र संस्कृतिलाई उच्च बनाउने काममा लाग्नुपर्छ भन्ने मेरो आह्वान हो। विश्वमा छरिएर रहेका सबै नेपाली दाजुभाइ दिदीबहिनीमा मेरो यो आह्वान छ।"

इन्ट्रा नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेशन अफ अमेरिकाको आयोजनामा काठमाडौँमा जारी 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' प्रतियोगिताका सहभागी तपाईं कलाकारप्रति नेपाली भाषा र कलाको प्रवर्द्धनमा लागेकामा प्रधानमन्त्रीले खुसी व्यक्त गर्नुभयो।

विश्वका प्रतिभालाई जम्मा गरेर नेपाली भाषामा गायन तथा नेपाली संस्कृतिको नृत्य प्रतियोगिताको आयोजना गरी कलाकारलाई नेपालसम्म ल्याई यो स्तरको कार्यक्रम सम्पन्न गर्न लागेकामा प्रधानमन्त्रीले आयोजक संस्थालाई धन्यवाद दिनुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, "मलाई लाग्छ यस प्रतियोगितामा सहभागीमध्ये कतिपय भाइबहिनीले पहिलो पटक आफ्नो मातृ तथा पितृभूमिमा टेक्न पाएका होलान्। त्यसैले विदेशी भूमिमा रहेर पनि नेपालप्रतिको यस्तो महान् कार्य सम्पन्न गरेकामा आयोजक संस्थालाई म आभार व्यक्त गर्दछु।"

विश्वका ५२ भन्दाबढी देशमा नेपाली भाइबहिनीका बीचमा प्रतियोगिता गराएर उक्त संस्थाले नेपाली भाषा र संस्कृतिकाको विकासको उद्देश्य राखी उक्त गायन तथा नृत्य प्रतियोगिताको आयोजना गरेको हो।

"यहाँहरूले पढ्नु भएकै होला, सुन्नुभएकै होला, मेरो नेतृत्वको वर्तमान सरकार फोहरको डङ्गुर सफा गरेर भ्रष्टाचारमुक्त देश निर्माणको अभियानमा छ। मैले सङ्कल्प गरेको छु, जस्तोसुकै परिस्थिति आओस, देश निर्माणको यो महाअभियानमा सरकार दृढतापूर्वक लाग्नेछ, यसमा यहाँहरूजस्ता युवा साथीहरूको बलियो साथ र सहयोग रहनेसमेत मैले विश्वास लिएको छु", प्रधानमन्त्रीले भन्नुभयो।

सो अवसरमा उहाँले राजनीतिक दल र नेताहरू सबै उस्तै हुन भन्ने खालको टिप्पणी यथार्थपरक नभएको बताउनुभयो। उहाँले सबै पार्टी र नेताहरू त्यस्तै हुँदैनन् भन्ने तथ्य स्थापित गराउने प्रयासमा आफू लागेको समेत स्पष्ट पार्नुभयो।

"सङ्घीय लोकतान्त्रिक गणतन्त्र साना दुःखले प्राप्त गरेको व्यवस्था होइन", उहाँले भन्नुभयो, "निरंकुश राजतन्त्रको कालकोठरीबाट देशलाई आइतबारको अवस्थासम्म ल्याउन हजारौँ सहिदले जीवनको बलिदान गर्नुभएको छ भने लाखौँ युवाले जीवनको ऊर्जाशील समय खर्चनुभएको छ।"

उहाँले यो हामी सबैको व्यवस्था भएको र सबैको सङ्घर्षबाट प्राप्त भएकाले त्यसको रक्षा गर्ने, त्यसलाई सुदृढ गर्ने जिम्मेवारी पनि तपाईं हाम्रो भएको बताउनुभयो।

उहाँले भ्रष्टाचारको अन्त्य र सुशासन स्थापनाका लागि गरेको प्रयासबाट परिवर्तन चाहनेहरू उत्साहित भएको बताउनुभयो । "जो जनताको समृद्धि र सुशासनका पक्षमा छैनन्, उनीहरू आतङ्कित छन्", उहाँले भन्नुभयो, "देश निर्माण गर्ने सरकारको सङ्कल्पमा बलियो साथ दिन म यहाँहरुसमक्ष अपिल गर्दछु।"

नेपाली मूलका भुटानी अमेरिकी युवा व्यवसायीले नेपाली भाषा, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धनका उद्देश्यले स्थापना गरेको इन्ट्रा नेशनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाले यी प्रतियोगिताको आयोजना गरेको हो।

सो संस्थालाई विश्वमा विभिन्न देशमा छरिएर रहेका नेपाली भाषीबीच सांस्कृतिक, भाषिक र एकता कायम गर्न प्रधानमन्त्रीले आग्रह गर्नुभयो। गायन र नृत्यका यी दुई प्रतियोगितालाई आगामी दिनमा पनि निरन्तरता दिएर यसैगरी संसारमा छरिएर रहेका नेपालीलाई एकीकृत गरी नेपालमा ल्याउने र नेपाली कलाको प्रवर्द्धन गर्ने यस कार्यलाई निरन्तरता दिन प्रधानमन्त्रीले आग्रह थियो।

प्रतियोगितामा गायन र नृत्यतर्फ विजयी हुने प्रथमले जनही रु एक करोड, दोस्रो हुनेले जनही रु ३० लाख र तेस्रो हुनेले जनही रु २० लाख प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल राउण्ड हाल नेपाल टेलिभिजनबाट प्रसारण भइरहेको छ। रासस

# नेपालमा आर्थिक सहयोग बढाउन चीन सकारात्मक छ : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको विकास प्रक्रियामा आर्थिक सहयोग बढाउन चीन सकारात्मक रहेको बताउनुभएको छ। पाँचदिने चीन भ्रमण सम्पन्न गरी स्वदेश फर्कनुभएका उहाँले आइतबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै चीनका उपप्रधानमन्त्री तथा सिचुवान प्रान्तका पार्टी प्रमुख नेपाललाई आगामी दिनमा आर्थिक सहयोग वृद्धि गर्न सकारात्मक देखिएको बताउनुभयो।

उपप्रधानमन्त्री श्रेष्ठले आफ्नो चीन भ्रमणका क्रममा नेपाल र चीनबीच सम्बन्ध सुदृढीकरण, व्यापार र लगानी प्रवर्द्धन तथा आर्थिक विकासमा वृहत छलफल भएको बताउनुभयो । "आर्थिक विकास र समृद्धिलाई केन्द्रबिन्दुमा राखेर नेपाल सरकार अगाडि बढिराखेको सन्दर्भमा चीनले गरिरहेको आर्थिक सहयोगलाई अझ वृद्धि गर्नका लागि अनुरोध गरेका छौँ", उहाँले भन्नुभयो, "चीनका उपप्रधानमन्त्री ह लि फङ तथा पार्टीका सिचुवान सचिव वाङ सिवहुइले पनि सकारात्मक ढङ्गले सोचिने विश्वास दिलाउनुभएको छ।"

भ्रमणका क्रममा उपप्रधानमन्त्री श्रेष्ठ र चीनका उपप्रधानमन्त्री फङबीच द्विपक्षीय भेटवार्ता भएको थियो। वार्तामा दुई देशबीच व्यापार, लगानी, पर्यटन, 'कनेक्टिभिटी'लगायत विषयमा छलफल हुनुका साथै चीनद्वारा नेपालमा थप सहयोग बढाउने बारेमा विचारविमर्श भएको थियो । थप व्यापारिक नाका खोल्ने र नेपाल-चीन सीमा नाकामा आवातजावत सहज बनाउने विषयमा समेत सकारात्मक छलफल भएको थियो। चिनियाँ अधिकारीसँगको भेटका सन्दर्भमा उहाँले भन्नुभयो, "चीनले नेपालको विकास प्रक्रियामा महत्वपूर्ण साझेदारको भूमिका खेल्दै आएको छ।

भूकम्प, कोरोनामहामारीलगागत नेपाललाई अप्ठयारो परेको समयमा चीनले महत्वपूर्ण सहयोग पुऱ्याउँदै आएको छ, त्यसका लागि हार्दिक आभार प्रकट गरेको छौँ", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो । व्यापार र पर्यटन प्रवर्द्धन गर्न चिनियाँ पक्षसँग विशेष अनुरोध गरिएको जानकारी दिँदै उहाँले बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) परियोजना कार्यान्वयनका सम्बन्धमा पनि छलफल भएको बताउनुभयो।

"चिनियाँ पक्षबाट बिआरआईअन्तर्गतका परियोजनाबाट नेपालले लाभ लिनका लागि के कस्तो तयारी गरेको छ भनी जिज्ञासा राखेको छ", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो "हामीले सो परियोजनाको सन्दर्भमा नेपालको योजना र 'स्टेप'का बारेमा प्रष्ट पारेका छौँ।" नेपालले बिआरआईअन्तर्गतका परियोजना कार्यान्वयनमा लैजान सन् २०१७ मा हस्ताक्षर गरेको थियो । कार्यान्वयन योजनालाई अन्तिम रुप दिन दुई पक्षकाबीचमा मस्यौदा आदानप्रदान भएको छ।

"मस्यौदालाई अन्तिम रुप दिइसकेपछि ठोस् परियोजना र ढाँचाका बारेमा छलफल गरेर टुङ्गो लगाउँछौँ र बिआरआइबाट पनि हामी लाभान्वित हुने आशा राखेको कुरा हामीले भनेका छौँ", उहाँले भन्नुभयो।

**छेन्दु–पोखरा उडान गर्न सिचुवान एयरलाइन्स सकारात्मक**

भ्रमणका क्रममा सिचुवान एयरलाइन्सका पदाधिकारीसँग छलफल भएको जानकारी दिँदै उपप्रधानमन्त्री श्रेष्ठले छेन्दुबाट नेपालका नयाँ विमानस्थलमा उडान गर्न एयरलाइन्सले सकारात्मक जवाफ दिएको बताउनुभयो। उहाँले छेन्दु-काठमाडौँ रुटमा दैनिक उडान सङ्ख्या थप गर्न र पोखरा तथा भैरहवा विमानस्थलमा व्यावसायिक उडान गर्न आग्रह गरिएको जानकारी दिनुभयो। "छेन्दु-काठमाडौँ दैनिक उडान गर्न अनुरोध गरेको छौँ । त्यसमा उहाँहरुले सकारात्मक वचन दिनुभएको छ । छेन्दु-पोखरा र छेन्दु-भैरहवा व्यावसायिक उडानका निम्ति आग्रह गरेको छौँ । त्यसमा उहाँहरुले पोखरामा अलिबढी सकारात्मक ढङ्गले सोचेको जानकारी गराउनुभएको छ। हामीले छेन्दुबाट भैरहवामा पनि सिधा उडानका लागि जोड दिएका छौँ", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो।

भ्रमणका क्रममा उपप्रधानमन्त्री श्रेष्ठले छेन्दुमा आयोजित १९औँ पश्चिम चीन अन्तर्राष्ट्रिय मेलालाई मुख्य वक्ताका रूपमा सम्बोधन गर्नुभएको थियो। सम्बोधनका क्रममा उहाँले नेपाल सरकारले लगानी प्रणालीमा उल्लेख्य सुधार गरी विदेशी लगानीलाई प्रोत्साहन, प्रवर्द्धन एवं संरक्षण गर्ने नीति लिएकाले नेपालमा लगानी गर्न आग्रह गर्नुभएको थियो।

छेन्दुमा रहँदा उपप्रधानमन्त्री श्रेष्ठले सिचुवान विश्वविद्यालयमा नेपाल-चीन सम्बन्धबारे मन्तव्य दिनुभएको थियो । उहाँले सिचुवान प्रान्तीय लगानी समूहसँग छलफल गरी नेपालमा लगानी वृद्धि गर्न आग्रह गर्नुभएको थियो। उपप्रधानमन्त्री श्रेष्ठसहितको नेपाली प्रतिधिमण्डलले सन् २००८ को भूकम्पबाट ठूलो क्षति व्यहोरेको सिचुवान प्रान्तको वान चोन काउन्टीको पुनःनिर्माण तथा भूकम्पीय सङ्ग्रहालयको अवलोकन गरेको थियो।

प्रतिनिधिमण्डलले जिपिङ जलविद्युत् केन्द्र तथा चीनकै पुरानो र बिनाबाँध छेन्दुलाई सिञ्चित गर्ने गरी निर्माण गरिएको दुजियाङ सिँचाइ प्रणालीको अवलोकनसमेत गरेको थियो । उपप्रधानमन्त्री श्रेष्ठ सात सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै गत मङ्गलबार चीन प्रस्थान गर्नुभएको थियो। रासस

# आगामी माघभित्र नयाँ आवधिक योजना ल्याइसक्ने आयोगको तयारी

काठमाण्डु । नयाँ आवधिक योजनाको दस्तावेज तयार पारेर स्वीकृत गरिसक्नका लागि आगामी माघ मसान्तसम्मको समयसीमा तोकिएको छ । राष्ट्रिय योजना आयोगले 'सोह्रौँ योजना तर्जुमाका लागि संस्थागत व्यवस्थासम्बन्धी कार्यविधि, २०८०' जारी गर्दै सोह्रौँ पञ्चवर्षीय आवधिक योजना (२०८१/८२-२०८५/८६) तर्जुमाको समयतालिका तयार पारेको हो।

कार्यविधिअनुसार गत जेठ चौथो हप्तादेखि काम सुरु भएर आगामी माघ मसान्तसम्ममा आवधिक योजनालाई मन्त्रिपरिषद्बाट स्वीकृत गरिसक्नेगरी समयतालिका बनाइएको छ। कार्यविधिले तोकेको समयतालिकाअनुसार सोह्रौँ योजनाको अवधारणा तयारी सम्बन्धमा विज्ञसँगको अन्तरक्रिया असारसम्ममा सकिसक्ने आयोगको तयारी छ । त्यस्तै, सोह्रौँ योजनाको अवधारणाको मस्यौदा तयारी र आयोगबाट पारित गर्नका लागि साउन पहिलो हप्तासम्मको समयसीमा तोकिएको छ।

कार्यविधिअनुसार आयोगका उपाध्यक्षको संयोजकत्वमा निर्देशक समिति र सदस्यहरुको संयोजकत्वमा विषय क्षेत्रगत समिति रहेको छ । सोह्रौँ योजनाको अवधारणापत्र निर्देशक समितिबाट साउन पहिलो हप्ताभित्र सुझावसहित स्वीकृत भइसक्नेछ। त्यस्तै, योजनाको स्वीकृत अवधारणासहित विस्तृत योजना तर्जुमा सम्बन्धमा विषयगत मन्त्रालयहरुसँग प्रारम्भिक छलफल तथा आवश्यक विवरण उपलब्ध गराउन साउन दोस्रो हप्तासम्ममा पत्राचार भइसक्नेछ । विषयगत मन्त्रालयबाट भदौ पहिलो हप्ताभित्र सुझाव लिइसक्ने योजना आयोगको रहेको छ। समष्टिगत आर्थिक तथा लगानी खाकाको तयारी पनि भदौ दोस्रो हप्तासम्ममा भइसक्नेछ।

"आगामी असोज दोस्रो हप्तासम्ममा आवधिक योजनाको क्षेत्रगत एकीकृत प्रारम्भिक मस्यौदा तयार पारी आयोगबाट स्वीकृत गरिसक्नेछ भने असोज तेस्रो हप्तासम्ममा राष्ट्रिय विकास परिषद्को गठन तथा परिषद्का सदस्यलाई एकीकृत प्रारम्भिक मस्यौदाको प्रतिलिपि वितरण गरिसक्नेछ", कार्यविधिमा भनिएको छ।

आवधिक योजना तर्जुमा सम्बन्धी प्रदेश र स्थानीय तहसँग अन्तरक्रियाका लागि कात्तिक तेस्रो हप्ताको समय तोकिएको छ । त्यस्तै, प्रदेश तथा स्थानीय तहबाट प्राप्त सुझावको आधारमा योजनाको परिमार्जित मस्यौदा मङ्सिर दोस्रो हप्तासम्ममा तयार भइसक्नेछ । सङ्घीय संसद्का सदस्यहरू, प्रमुख राजनीतिक दलका पदाधिकारीहरु, नागरिक समाज, विद्वत्वर्ग तथा पेसाविद्, विषयगत मन्त्रालयका मन्त्री तथा सचिवहरु र विकास साझेदारसँग मङ्सिर तेस्रो हप्तासम्ममा छलफल गरिसक्ने कार्यतालिका बनाइएको छ।

यसरी राष्ट्रियस्तरबाट प्राप्त सुझावका आधारमा आवधिक योजनाको परिमार्जित मस्यौदा पुस दोस्रो हप्तासम्ममा तयार भइसक्नेछ। पुस तेस्रो हप्तासम्ममा परिमार्जित मस्यौदा राष्ट्रिय विकास परिषद्मा पेस गर्न निर्देशक समितिबाट सिफारिस भइसक्नेछ। त्यस्तै, राष्ट्रिय विकास परिषद्को सुझावसहित आवधिक योजनाको अनुमोदन पुस मसान्तसम्ममा भइसक्नेछ। परिषद्बाट प्राप्त सुझावसहितको योजनाको अन्तिम मस्यौदा माघ तेस्रो हप्तासम्ममा तयार भइसक्नेछ भने आगामी माघ मसान्तसम्ममा सोह्रौँ आवधिक योजनाको दस्तावेज मन्त्रिपरिषद्बाट स्वीकृत गरिसक्ने कार्यतालिका रहेको छ।

विसं २०८१ साउनदेखि कार्यान्वयनमा जाने सोह्रौँ आवधिक योजना तयार पार्दा नेपालको संविधान, राष्ट्रिय तथा क्षेतगत नीति, पन्ध्रौँ योजना र त्यसको समीक्षा, अल्पविकसित मुलुकबाट स्तरोन्नती हुनका लागि तयार पारिएको रणनीति (एलडिसी ग्रायुएसन स्ट्राटेजी), दिगो विकास लक्ष्य प्राप्ति, मध्यमकालीन खर्च संरचना आदिलाई ध्यानमा राखिने राष्ट्रिय योजना आयोगले जनाएको छ। रासस

सौर्य उर्जा तथा वैकल्पिक उर्जाको प्रचुर सम्भाव्यता रहेकोले सम्बन्धित निकाय संघ, संस्था, निजी क्षेत्र तथा संघीय सरकारसंग समन्वय गरी उर्जा क्षेत्रमा आत्मनिर्भर हुन कार्यक्रमहरु संचालन गरौं ।

मधेश सरकार
मधेश प्रदेश
उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा

जनकपुर टुडे



# पेरिस नजिकैको क्षेत्रमा मेयरको घरमा आक्रमण

**बीबीसी**

फ्रान्स । फ्रान्समा हिंसा रोक्न ४५ हजार प्रहरी तैनाथ गरिए पनि स्थिति अनियन्त्रित छ । पेरिस र देशको दोस्रो ठूलो सहर मार्सेलीमा प्रहरी र दंगाकारीबीच झडप जारी छ । आक्रमणकारीहरूले लिले-होजको उपनगरमा रहेको मेयरको घरमा एउटा कारमा आक्रमण गरेका थिए। आक्रमण हुँदा मेयर भिसेन्टे जिआम्ब्रा आफ्नो कार्यालयमा थिए।

उनकी श्रीमती र दुई छोराछोरी सुतिरहेका बेला अपराह्नले उनको घरमा कारले ठक्कर दिएको थियो । आक्रमणकारीले मेयरको गाडीमा आगजनी गरेका छन् । मेयरकी श्रीमती र छोराछोरी भाग्न खोज्दा ती व्यक्तिहरूले पटाका प्रहार गरेका थिए। यसबाट श्रीमती र एक बालक घाइते भएका छन् । प्रहरीले घटनाको अनुसन्धान गरिरहेको छ।

देशको दोस्रो ठूलो सहर मार्सामा प्रहरी र हिंसाका अपराधीहरूबीच भीषण भिडन्त जारी छ। फ्रान्समा अल्जेरियन मूलका १७ वर्षीय किशोरलाई प्रहरीले गोली हानेर हत्या गरेपछि देशभर हिंसा भड्किएको छ । यस मृत्युको विरोधको पाँचौं रात पनि हिंसात्मक संघर्षमा डुबेको थियो । पेरिसपछि देशको दोस्रो ठूलो सहर मार्सेलीबाट बाहिर आएको भिडियोमा प्रहरीले अश्रु ग्यास प्रहार गरेको र मानिसहरू यता-उता दौडिरहेको देखिन्छ। यस सहरमा हिंसा फैलाएको आरोपमा हालसम्म ५६ जना पक्राउ परेका छन् ।

**फ्रान्सको दोस्रो ठूलो सहरमा अनियन्त्रित अवस्था**

मध्य पेरिसमा भारी प्रहरी तैनाथ गरिएको छ। जसका कारण आन्दोलनकारीले त्यहाँ गएर उपद्रव सिर्जना गर्न पाएका छैनन् । यसैबीच, प्रहरीको गोली लागेर मारिएका किशोरी नाहेल एमको अन्तिम संस्कारमा ठूलो संख्यामा मानिसहरु सहभागी भएका थिए । ट्राफिक स्टपमा नरोकेको भन्दै प्रहरीले पोइन्ट ब्ल्याङ्क रेन्जमा नाहेललाई गोली हानेको थियो ।



पेरिसको उपनगर नान्तेरेमा भएको यो मृत्युपछि पूरै फ्रान्स हिंसा र आगजनीमा डुबेको छ । देशका सडकमा करिब ४५ हजार प्रहरी स्थिति नियन्त्रणमा जुटेका छन् । गृहमन्त्री गेराल्ड डार्मानिनले हिंसा रोक्न संलग्न प्रहरीको प्रशंसा गर्दै उनीहरुकै कारण हिजो राती 'तुलनात्मक' शान्त भएको बताए । गृह मन्त्रालयले हिंसाको आरोपमा ४८६ नयाँ पक्राउ परेको जनाएको छ । शुक्रबार १३ सय पक्राउ परेका थिए । अर्कोतर्फ बिहीबार ९०० जना पक्राउ परेका छन् ।

यसमा मार्सेली सहरको मुटुमा रहेको ला क्यानाबियरमा प्रहरी र बदमाशहरूले एकअर्कालाई आक्रमण गरेको देखिन्छ। फ्रान्सेली सञ्चारमाध्यमका अनुसार पछिल्लो एक घण्टादेखि प्रहरी र हिंसा र आगजनीका बीच झडप भएको छ ।

**ठूलो संख्यामा सवारी साधनमा आगजनी गरिएको छ**

पेरिसमा, प्रख्यात च्याम्प्स-एलिसिज नजिकै ठूलो संख्यामा पुलिस देखियो। सामाजिक सञ्जालमा आन्दोलनकारीप्रति ऐक्यबद्धताको आह्वान गरेपछि मानिसहरु ठूलो संख्यामा सडकमा निस्किएका छन् । जसका कारण प्रहरीको काम झनै कठिन बन्दै गएको छ । तर, प्रहरीको दबाबका कारण आन्दोलनकारीको संख्या घटेको छ । पेरिस प्रहरीले १२६ जनालाई पक्राउ गरेको छ । हिंसा र आगजनीका कारण लगातार दोस्रो दिन पनि राति ९ बजेपछि बस र ट्राम चलेका छैनन् । विशेष प्रहरी बलले उत्तरी सहरमा फ्ल्याग मार्च गरेको देखियो। धेरै ठाउँमा दमकलले आगो निभाएको देखियो । प्रदर्शनकारीले सहरका धेरै ठाउँमा आगजनी गरेका छन् । ठूलो संख्यामा सवारी साधनमा आगजनी गरिएको छ । नाहेलको अन्त्येष्टिमा ठूलो भीड जम्मा भएको थियो

अधिकारीहरुका अनुसार लियोन सहरमा हिंसा भड्काएको आरोपमा २१ जनालाई पक्राउ गरिएको छ । नाइस र स्ट्रासबर्गमा पनि झडप जारी छ। शनिबार नान्तेरेमा प्रहरीले गोली हानेर मारिएका १७ वर्षीय किशोर नाहेलको अन्त्येष्टिमा ठूलो संख्यामा मानिसहरु सहभागी भएका थिए । नाहेलको शव पहिले मस्जिदमा राखिएको थियो र त्यसपछि गाड्नका लागि स्थानीय चिहानमा लगिएको थियो।

यस क्रममा नाहेलको परिवारको समर्थनमा आएका मानिसहरूले सञ्चारमाध्यमलाई टाढै रहन आग्रह गरेका थिए । शवयात्राको छायांकनमा पनि रोक लगाइएको थियो । शोक सभामा सहभागीहरूलाई स्न्याप च्याट र इन्स्टाग्राममा पोस्ट गर्न पनि रोक लगाइएको थियो।

**'सडकमा युद्धजस्तो अवस्था'**

ट्राफिक चेकजाँचमा नरोकेपछि प्रहरीले मंगलबार १७ वर्षीय नाहेललाई नान्तेरेमा गोली हानेको थियो । विगत पाँच रातदेखि फ्रान्सका विभिन्न सहरमा प्रदर्शनकारीहरूद्वारा भारी आगजनी, आतिशबाजीका घटनाहरू भएका छन्, जसमा धेरै कारहरू, सरकारी भवनहरू ध्वस्त भएका छन्। पेरिसबाट बीबीसी संवाददाता सोफिया बेट्जले दुई दिनअघिको अवस्था वर्णन गर्दै सडकको अवस्था युद्धको मैदान जस्तै भएको बताइन् ।

**जो नाहेल थिए**

प्रहरीले गोली हानेकी १७ वर्षीया नाहेल आमाको एक्लो सन्तान थिइन् । उनले डेलिभरी केटाको रूपमा काम गरे र रग्बी लीग खेलाडी थिए। उनको पढाइ व्यवस्थित रुपमा भएको छैन । उहाँ आफ्नो गृहनगर नजिकैको सारासेन्स कलेजमा भर्ना हुनुभयो। त्यहाँ उनलाई इलेक्ट्रीशियनको तालिम लिन पठाइयो । नानटेरेमा उनको घर वरपर बस्ने मानिसहरूले उनलाई राम्रो स्वभावको किशोरको रूपमा वर्णन गरेका छन्। उनी आमा मोनियासँग बस्दै आएका थिए । बाबुको बारेमा कसैलाई जानकारी छैन । नाहेलको आपराधिक रेकर्ड थिएन, तर प्रहरीले उनलाई चिनेको थियो। गोली लागेको दिन ड्युटीमा जाँदा आमालाई मायाले बिदाइ गरेका थिए ।

# सुमनलाई अमेरिकामा स्वर्ण पदक

काठमाण्डु । नेपाली कराते खेलाडी सुमन तिमल्सिनाले युएस ओपन आइएसकेए विश्व मार्सल आर्ट्स च्याम्पियनसिपमा स्वर्ण पदक जितेका छन् । सुमनले सिनियर पुरुष एकल कातामा स्वर्ण पदक जितेका हुन् ।

इन्टरनेसनल स्पोर्ट्स कराते एशोसिएशन आइएसकेए,युएसएकोआयोजनामा अमेरिकाको फ्लोरिडामा भएको उक्त प्रतियोगितामा सुमनले २ ९.९५ अङ्क जोडे । गुवाटेमाला दोस्रो तथा जर्मनी र अमेरिकाका खेलाडी तेस्रो भए । सुमनका अनुसार उनले प्रतिस्पर्धा गरेको स्पर्धामा विभिन्न राष्ट्रका १२ खेलाडी सहभागी थिए ।

प्रतियोगिता जुन २९ देखि जुलाई १ तारिखसम्म भएको थियो । सुमनले यसअघि बङ्गलादेशमा भएको तेस्रो कन्टिनेन्टल एसियाली करातेमा स्वर्ण, श्रीलङ्कामा भएको प्रथम अन्तर्राष्ट्रिय करातेमा स्वर्ण, भारतमा भएको छैटौं एसियाली गोजुरियो करातेमा रजत पदक जितेका थिए ।

त्यस्तै उनले मलेसियामा भएको प्रथम एसियाली प्यासिफिक गोजुरियो करातेमा कांस्य र जर्मनीमा भएको चेम्निज ओपन करातेमा स्वर्णपदक जितेका थिए । रासस

# गुजरात अविरल वर्षाका कारण १२ जनाको मृत्यु

**सिन्ह्वा**

नयाँ दिल्ली । भारतको पश्चिमी राज्य गुजरातमा विगत केही दिनदेखि आएको वर्षा र बाढी कारण १२ जना व्यक्तिको मृत्यु भएको छ । प्राकृतिक विपत्तिबाट धेरैको जीवनमा प्रतिकूल असर परेको स्थानीय सञ्चारमाध्यमले आइतबार उल्लेख गरेका छन्

मृत्यु हुनेमा जामनगर जिल्लाका मात्रै ६ जना रहेका छन् । मृत्यु हुने अन्य व्यक्तिहरू अमरेली, बोटाड र आनन्दका स्तानीय रहेको बताइएको छ । जामनगरका तल्लो क्षेत्रहरू डुबानमा परेकाले मानिसहरू घरभित्रै थुनिएका छन् । जामनगर जिल्लाको भिसावदार क्षेत्रमा शुक्रबार ३४९ मिलिमिटर वर्षा भएको छ ।

लगातारको वर्षाका कारण गुजरातमा नदीहरू खतराको चिन्हभन्दा माथि बगिरहँदा स्थानीयहरूमा त्रास बढेको छ । राज्यको दयनीय अवस्थालाई ध्यानमा राख्दै गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले बाढी प्रभावित क्षेत्रहरूमा विशेष गरी राज्यको जामनगर, जुनागढ र कच्छ जिल्लाहरूमा भइरहेको राहत र उद्धार कार्यमा निरन्तर निगरानी बढाउँनु भएको छ ।

स्थानीय प्रशासनका अधिकारीहरूलाई तल्लो क्षेत्रका मानिसहरूलाई सुरक्षित स्थानमा सार्न लागिएको सञ्चारमाध्यमहरूले जनाएका छन्।

हिमाचल प्रदेश र उत्तराखण्ड राज्यहरू बाढीबाट बढी प्रभावित छन् । आफ्नो पछिल्लो मौसम पूर्वानुमानमा भारतीय मौसम विज्ञान विभागले उत्तराखण्ड राज्यमा जुलाई १-५ सम्म मध्यम देखि धेरै भारी वर्षा हुने सम्भावना रहेको बताएको छ।

त्यस्तै उत्तराखण्डको लोकप्रिय पर्यटकीय गन्तव्य नैनीतालमा अति भारी वर्षा हुने चेतावनी जारी गरिएको छ। हिमाचल प्रदेश राज्यका केही भागहरूमा पहिराले क्षति पुर्याएका विवरणहरू आइरहेका छन् ।

# श्रीलङ्कामा ठूलो परिमाणमा केन्दुको पात बरामद

**सिन्ह्वा**

कोलम्बो । श्रीलङ्काको नौसेनाले आइतबार बिहान एक हजार ९४७ केजी
तस्करी गरिएको केन्दु पातसहित एक संदिग्ध व्यक्तिलाई पक्राउ गरेको छ ।

नौसेना जहाज
एसएलएनएस विजयाका कर्मचारीले पुत्तलमको कराटिभ समुद्रतट क्षेत्रमा गरिएको विशेष कारबाहीका क्रममा उनलाई
पक्राउ गरेको नौसेनाले प्रेस विज्ञप्तिमा जनाएको छ ।

जम्मा ६५ वटा प्याकेजमा केन्दुपात तस्करी गर्ने
५० वर्षीय अभियुक्तलाई प्रहरीको जिम्मा लगाइएको प्रेस विज्ञप्तिमा उल्लेख
छ ।

केन्दु पात श्रीलङ्कामा बिडी उत्पादनमा प्रयोग गरिन्छ । यसको लाइसेन्सविना प्रयोग र ओसारपसार गर्न निषेध गरिएको छ ।

# बाल्टिमोरमा गोली चल्दा दुईको मृत्यु, दर्जनौं घाइते

**सिन्ह्वा**

वासिङ्टन । अमेरिकाको बाल्टिमोर शहरमा आइतबार भएको गोलीकाण्डमा कम्तीमा दुई जनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन् । मेरिल्याण्ड राज्यको ब्रुकलिन नजिकैको एक सडकमा आइतबार राति १२:३० बजेपछि गोली चलेको सूचना प्रहरीलाई प्राप्त भएको कार्यवाहक प्रहरी आयुक्त रिच वोर्लेले पत्रकार सम्मेलनमा जानकारी दिनुभयो ।



वोर्लेले भन्नुभयो, "अधिकारीहरू आएपछि हामीले गोली लागेर घाइते भएका थुप्रै व्यक्तिहरू फेला पारेका थियौं ।" घटनास्थलमा १८ वर्षीया एक महिलाको शव फेला परेको छ भने २० वर्षीय पुरुषको पनि मृत्यु भएको पुष्टि भएको प्रहरीले जनाएको छ । घाइतेको इलाका अस्पतालमा उपचार भइरहेको र तीमध्ये तीनजनाको अवस्था गम्भीर रहेको उहाँले बताउनुभयो ।

वोर्लेका अनुसार अधिकारीहरूले शङ्कास्पद व्यक्तिको पहिचान गर्न र गोली चलाउनुको कारण पत्ता लगाउन अनुसन्धान गरिरहेका छन् । "यो एक कडा प्रबृतिको आपराधिक दृश्य हो, हाम्रा जासुसहरू केही समय यहाँ बसेर यसको अनुसन्धान गर्नेछन्," उहाँले भन्नुभयो ।

बाल्टिमोरका मेयर ब्रान्डन स्कटले घटनास्थलमा पत्रकारसँग कुरा गर्दै गोली काण्डको निन्दा गर्नुभएको छ । उहाँले भन्नुभयो, "यो हुँदै हुन नहुने नितान्त त्रासदीपूर्ण घटना हो ।" स्कटले भन्नुभयो, "यसले हाम्रो सडकमा अवैध बन्दुकको अत्यधिक प्रसारको प्रभाव र सामना गर्ने आवश्यकतालाई फेरि उजागर गरेको छ ।

'गन भायलेन्स आर्काइभ (जीभीए)' का अनुसार सन् २०२२ मा ४४ हजार ३५७ जनाको गोली लागी मृत्यु भएको छ, जसमध्ये २४ हजार ९० जनाले आत्महत्या गरेका हुन् । जीभीएका अनुसार आइतबारको सामूहिक गोलीकाण्ड यस वर्ष जानकारीमा आएको ३३७ औँ घटना हो । अमेरिकामा चार वा सोभन्दा बढी व्यक्ति गोली लागि घाइते वा मारिएका छन् भने यसलाई सामुहिक गोलीकाण्ड मानिन्छ ।

# अजित पवार महाराष्ट्रको उपमुख्यमन्त्री बने

**बीबीसी**

मुम्वई । महाराष्ट्रको राजनीतिले फेरि एकपटक नयाँ मोड लिएको छ । एनसीपी प्रमुख शरद पवारका भतिजा र महाराष्ट्रका शक्तिशाली नेता अजित पवार शिवसेना-भाजपा सरकारमा सामेल भएका छन्।

अजित पवारले उपमुख्यमन्त्रीको सपथ लिएका छन् । उनीसँगै नेकपाका शीर्ष नेतामा गनिने छगन भुजबल पनि सरकारमा सामेल भएका छन् । उनले मन्त्री पदको सपथ लिएका छन् ।



उपमुख्यमन्त्रीको सपथ ग्रहण गरेपछि अजित पवारले पत्रकार सम्मेलनमा आफूले महाराष्ट्र सरकारलाई एनसीपीको रूपमा समर्थन गरेको र आगामी चुनाव एनसीपी नाम र एनसीपी चिन्हबाट लड्ने बताए। पत्रकार सम्मेलनमा अजित पवार र छगन भुजबलसँगै प्रफुल्ल पटेल पनि देखिएका थिए।

प्रफुल्ल पटेललाई केही दिनअघि शरद पवारले पार्टीको कार्यकारी अध्यक्ष बनाएका थिए। यसै क्रममा शरद पवारले पत्रकार सम्मेलनमा अजित पवारले आफूसँग कुरा नगरेको बताए ।

शरद पवारले भने, "एनसीपी को हो, यिनीहरूले निर्णय गर्नेछन्।" उनले प्रधानमन्त्री नरेन्द्र मोदी र भाजपालाई पनि निशाना बनाए। यसअघि अजित पवार र छगन भुजबलसहित एनसीपीका नौ जना नेता मन्त्रिपरिषद्मा सामेल भइसकेका छन् ।

यी नेताहरू अहिले एनडीए सरकारको हिस्सा बनेका छन् र राज्यको वर्तमान भाजपा-शिवसेना (एकनाथ शिन्दे गुट) लाई समर्थन गरिरहेका छन्। अजित पवार अहिलेसम्म महाराष्ट्र विधान सभामा विपक्षी नेता थिए। राष्ट्रवादी कांग्रेस पार्टीका मुख्य प्रवक्ता महेश भरत तपासेले अजित पवारको सपथ ग्रहणलाई राष्ट्रवादी कांग्रेस पार्टी (एनसीपी) को आधिकारिक समर्थन नरहेको स्पष्ट पारेका छन्।

राज्यमा एकनाथ शिन्देको नेतृत्वमा सरकार छ, जसमा देवेन्द्र फडणवीस पहिले नै उपमुख्यमन्त्री छन्। यस अवसरमा राजभवनमा आयोजित विशेष कार्यक्रममा अजित अनन्त राव पवार र अन्य नेताहरूले पद तथा गोपनियताको सपथ लिएका हुन्।

यसअघि महाराष्ट्र सरकारका मन्त्री सुधीर मुनगंटीवारले ४० भन्दा बढी विधायकले सरकारलाई समर्थन गरिरहेको दाबी गरेका थिए। गठबन्धनलाई सिंगो नेकपाले साथ दिएको भन्न सकिन्छ ।

बीजेपीसँग अजित पवारको वार्ताको लामो समयदेखि अनुमान लगाइँदै थियो। तर यसअघि उनले यसबारे खुलेर बोलेका थिएनन् ।

**हामीसँग सबै विधायक : अजित पवार**

एनडीएमा सामेल भएपछि अजित पवार र छगन भुजबलले पत्रकार सम्मेलन गरे। यस क्रममा प्रफुल्ल पटेल पनि उनीसँगै स्टेजमा बसेको देखियो ।

प्रफुल्ल पटेललाई केही दिनअघि शरद पवारले पार्टीको कार्यकारी अध्यक्ष बनाएका थिए। अजित पवारले आफ्नो निर्णयको बारेमा भने, "हामीले एनसीपी पार्टीको रूपमा शिंदे-फडणविस सरकारमा सामेल हुने निर्णय गरेका छौं।"

"पार्टीका सबै विधायकहरू हामीसँग छन्। हामी नेकपा पार्टीको नाम र चिन्हमा अर्को चुनाव लड्छौं। हामी देशको विकास चाहन्छौं, त्यसैले एनडीएमा आबद्ध छौं।"

अर्कोतर्फ छगन भुजबलले भने, 'हामीलाई केही दिन अगाडि शरद पवारले मोदी फेरि प्रधानमन्त्री बन्न लागेको बताउनुभएको थियो, त्यसो हो भने सकारात्मक कदम चाल्दै उनको सरकारमा जाने निर्णय गरेका छौं । विकासको उद्देश्यका लागि।"

"धेरै मानिसहरू भन्छन् कि हाम्रा धेरै नेताहरू विरुद्ध ईडी मुद्दा चलिरहेको छ तर त्यस्तो होइन। तपाईंले शपथ लिने नेताहरूको नाम हेर्न सक्नुहुन्छ। हामी सबै मोदीसँग जान चाहन्छौं।" 'सन् १९८४ पछि त्यस्तो नेता आएन जसको नेतृत्वमा देश अगाडि बढ्न सक्छ, तर विगत ९ वर्षदेखि हामी मोदीलाई देश द्रुत गतिमा विकास भइरहेको देखिरहेका छौँ ।

**के भने एकनाथ शिन्देले ?**

सपथ ग्रहणपछि मुख्यमन्त्री एकनाथ शिन्देले भने, 'अब एक मुख्यमन्त्री र दुई उपमुख्यमन्त्री भएको सरकारले तीव्र गतिमा काम गर्नेछ । यो दोहोरो इन्जिनको सरकार मोदीजीको नेतृत्वमा चलिरहेको थियो।

अब ट्रिपल इन्जिन छ। अजित पवार र उनका सबै सहयोगीहरूलाई स्वागत छ।

महाराष्ट्रको महाविकास अघाडी गठबन्धनको बारेमा, उनले भने, "उनीहरूले लोकसभा चुनावमा चार-पाँच सीटहरू पाएका थिए। यदि उनीहरूले यस पटक पनि यत्ति पनि कायम राख्न सक्छन् भने यो ठूलो कुरा हो।"

**के भने शरद पवारले ?**

अजित पवारले उपमुख्यमन्त्रीको सपथ लिएपछि शरद पवारले पत्रकार सम्मेलन गरे, जसमा उनले जनताले कसको पार्टीको निर्णय गर्ने बताए। उनले भने, "आज नेकपाका केही सहकर्मीले सपथ लिएकामा म खुसी छु, तर केही नेताले पार्टीविरुद्ध कदम चालेका छन् । केहीले आफू एउटै पार्टी भएको दाबी पनि गरेका छन् तर सत्यता केही दिनमै बाहिर आउनेछ ।" जानेछु।"

शरद पवारले भने, "मलाई ममता बनर्जी र मल्लिकार्जुन खर्गेको फोन आएको छ। जे भयो, म त्यसमा चिन्तित छैन।

आजको दिन सकिएपछि म बाहिर निस्केर यशवन्त रावको चौहानको समाधि दर्शन गर्नेछु। त्यसपछि सम्पूर्ण म महाराष्ट्रमा घुमेर जनमत बनाउँछु। जनताले निर्णय गर्नेछन् कि एनसीपी को हो। इतिहास जान्नु पर्छ।

मैले एनसीपी पार्टी बनाएको छु। हामी जनताको अगाडि हाम्रो भूमिका प्रस्तुत गर्नेछौं।

यसैबीच, पार्टीका मुख्य प्रवक्ता महेश भरत तपासेले अजित पवारको सपथ ग्रहणलाई राष्ट्रवादी कांग्रेस पार्टी (एनसीपी) को आधिकारिक समर्थन नभएको स्पष्ट पारेका छन्।

उनले भने, 'राष्ट्रवादी कांग्रेसका पदाधिकारी, जिल्ला अध्यक्ष, तालुक अध्यक्ष, महिला पदाधिकारी सबै शरद पवारको साथमा छन् । उनले भने, "सपथ ग्रहण समारोह वास्तवमा अपरेशन लोटसको एक हिस्सा थियो, यो सपथ ग्रहण समारोहलाई नेकपाको आधिकारिक समर्थन छैन, यो सपथ लिने जनताको व्यक्तिगत निर्णय हो, यो निर्णय नेकपाको होइन। "

शिवसेनाका सञ्जय राउतले जनताले यो खेल धेरै दिन सहन नदिने बताएका छन् । "केही मानिसहरूले महाराष्ट्रको राजनीति सफा गर्न यो आफैंमा लिएका छन्। तिनीहरूलाई यो गर्न दिनुहोस्। मैले शरद पवारसँग कुरा गरेको छु।

उनले भने कि हामी बलियो छौं, हामीसँग मानिसहरू छन्," उनले राजको तस्बिरसहित ट्वीट गरे। भवन, उद्धव ठाकरेको समर्थन छ र सबै कुरा फेरि बनाउँछ।"

अर्कोतर्फ, शिवसेना उद्धव ठाकरे गुटका नेता आनन्द दुबेले भने, "एनसीपी नेता अजत पवार बीजेपीमा सामेल भएका छन्। के यो प्रवर्तन निदेशालयको डरले होइन? जनतालाई थाहा छ कि बीजेपीले पछाडि छुरा चलाउँछ।"

# श्रीलक्ताको घरेलु ऋण अनुकूलन संसद्बाट पारित

**एएनआई**

कोलम्बो । श्रीलङ्काको घरेलु ऋण अनुकूलनसम्बन्धी प्रस्ताव केही विपक्षी सांसदहरूको समर्थनमा शनिबार संसद्मा बहुमतले पारित भएको छ ।

उक्त प्रस्तावको पक्षमा १२२ र विपक्षमा ६२ सांसदले मतदान गर्नु भएको थियो ।

श्रीलङ्का संसद्का सभामुख महिन्दा यापा अबेवर्देनाले संशोधनसहितको प्रस्ताव पारित भएको संसदलाई जानकारी दिनुभएको छ ।

विपक्षी सांसद वडिवेल सुरेश, कुमारा वेलगामा र स्वतन्त्र सांसद अनुरा प्रियदर्शन यापा र डा सुदर्शनी फर्नान्डोपुल्ले प्रस्तावको पक्षमा मतदान गर्नु भएको कोलम्बो ग्याजेटले उल्लेख गरेको छ ।

संसद्ले शनिबार घरेलु कर्जा अनुकूलन सम्बन्धी प्रस्तावमाथि पूर्णता दिन बहस गर्ने निर्णय गरेको थियो । यसअघि सार्वजनिक वित्त समिति (सीओपीएफ)ले घरेलुऋणअप्टिमाइजेसनसम्बन्धी प्रस्तावलाई बहुमतले स्वीकृत गरेको थियो।

यसअघि डा हर्ष डे सिल्भाको अध्यक्षतामा रहेको सार्वजनिक वित्त समितिमा घरेलु ऋण अप्टिमाइजेसनबारे विस्तृत छलफल भएको थियो ।

कोलम्बो ग्याजेटका अनुसार श्रीलङ्काको केन्द्रीय बैंक (सीबीएसएल) का गभर्नर डा नन्दलाल वीरासिंघे, कोष सचिव केएम महिन्दा सिरिवर्द्धना र अर्थ, आर्थिक स्थिरता र राष्ट्रिय नीति मन्त्रालयका उच्च अधिकारीहरूसँग पनि छलफल भएको थियो।

आर्थिक सङ्कटको सामाना गरिरहेको श्रीलङ्काले यसबाट मुक्ति पाउँनका लागि विभिन्न किसिमका आर्थिक र राजनीतिक उपायहरू अवलम्वन गरिरहेको छ ।

# 'प्रधानमन्त्री मोदीको अमेरिका भ्रमणबाट गुजरातलाई सर्वाधिक लाभ'

**एएनआई**

गुजरात।गुजरातकामुख्यमन्त्री भूपेन्द्र पटेलले प्रधानमन्त्री नरेन्द्र मोदीको अमेरिका भ्रमणले गुजरातलाई सबैभन्दा बढी फाइदा पुगेको बताउनुभएको छ ।

जामनगरमा शनिबार भएको एक कार्यक्रममा मन्तव्य व्यक्त गर्ने क्रममा मुख्यमन्त्री पटेलले प्रधानमन्त्री मोदीको हालैको अमेरिका भ्रमणबारे जानकारी दिने क्रममा उक्त कुरा बताउनुभएको हो ।

प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले देशको विकासमा गरेको योगदानको प्रशंसा गर्दै मुख्यमन्त्री पटेलले गुजरात सरकार र अमेरिकी कम्पनी माइक्रोन टेक्नोलोजीबीच भएको समझदारीबाट आफ्नो राज्यलाई अधिक लाभ पुग्ने बताउनुभयो ।

"प्रधानमन्त्री मोदीको सरकारको नौ वर्षको अवधिमा देशले सबै क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ,उहाँको अमेरिका भ्रमणबाट गुजरातले सबैभन्दा बढी फाइदा उठाएको छ, हामी अमेरिकी कम्पनी माइक्रोन टेक्नोलोजीसँग सहकार्य गर्दैछौँ, चाँडै उक्त कम्पनीको यहाँ हामी शिलान्यास गर्नेछौँ," मुख्यमन्त्री पटेलले भन्नुभयो ।

अमेरिकी कम्पनी माइक्रोन टेक्नोलोजीले दुई अर्ब ५० करोड अमेरिकी डलरको लगानीमा गुजरातको सानन्दमा सेमीकन्डक्टर, सेमीकन्डक्टर मेमोरीलगायत सूचना प्रविधिसँग सम्बन्धित विभिन्न उपकरणको 'एसेम्बली, टेस्ट, मार्किङ, र प्याकेजिङ' कारखाना स्थापना गर्नेछ ।

अमेरिकी राष्ट्रपति जो बाइडेन, प्रधानमन्त्री मोदीका साथै अमेरिकी तथा भारतीय उच्च अधिकारीहरूको उपस्थितिमा गुजरातमा माइक्रोन टेक्नोलोजीले कारखाना स्थापना गर्नेसम्बन्धी समझदारीपत्रमा गुजरात सरकारका अधिकारीसँग हस्ताक्षर गरेको थियो ।



सुनसरीको इनरुवामा ५० प्रतिशत अनुदानमा किसानलाई कृषि यन्त्र वितरण गर्दै प्रदेशसभा सदस्य रामप्रसाद मेहता । धान बाली प्रबर्द्धन कार्यक्रमअन्तर्गत कृषि ज्ञान केन्द्र सुनसरीको सहयोगमा राधाकृष्ण बहुमुखी सहकारी संस्थाले शनिबार रु ३० लाख २० हजार बराबरको कृषि यन्त्र वितरण गरेको हो । *तस्बिर : रासस*

# सन् २०२३ मा भित्रिए चार लाख ७६ हजार पर्यटक

काठमाण्डु । सन् २०२३ को छ महिनामा चार लाख ७६ हजार विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डका अनुसार यो सन् २०१९ को तुलनामा ८३ प्रतिशत 'रिकभर' हो ।

सन् २०२० को सुरुआतदेखि कोरोना महामारी सुरु भएपछि घट्दो क्रममा रहेको विदेशी पर्यटक आगमन सन् २०२३ मा भने 'रिकभर' हुने अवस्थामा पुगेको छ ।

बोर्डका अनुसार सन् २०१९ को जनवरीदेखि जुनसम्म कुल पाँच लाख ३६ हजार ५८ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । साथै सोही अवधिमा कोरोना महामारी सुरु भएको वर्ष सन् २०२० मा दुई लाख २० हजार आठ सय १५, सन् २०२१ मा ५८ हजार ५८ र सन् २०२२ मा दुई लाख ४० हजार नौ सय एक जना विदेशी पर्यटक नेपाल आएका थिए ।

यस वर्षको जनवरीदेखि जुनसम्म नेपाल भित्रिने विदेशी पर्यटकको सङ्ख्या गत वर्षको तुलनामा ९७ दशमलव ७९ प्रतिशतले बढी हो भने सन् २०१९ को तुलनामा १६ दशमलव ९३ प्रतिशतले कम हो ।

बोर्डका अनुसार यस वर्षको जनवरीमा ५५ हजार ७४, फेब्रुअरीमा ७३ हजार दुईसय ४४, मार्चमा ९९ हजार चार सय २६, अप्रिलमा ९८ हजार सातसय ७३ र मेमा ७७ हजार सातसय तीन विदेशी पर्यटक नेपाल आएका थिए । साथै जुनमा ७२ हजार दुईसय ५० जना विदेशी पर्यटक नेपाल आएका छन् ।

जुन महिनामा भारतबाट ३८ हजार आठसय ४५, अमेरिकाबाट आठ हजार चारसय ७०, चीनबाट चार हजार तीनसय ४३, बङ्गलादेशबाट दुई हजार चारसय दुई, युनाइटेड किङ्गडमबाट एक हजार नौसय ९२, अष्ट्रेलियाबाट एक हजार छसय ३९, मलेसियाबाट एक हजार ७९, दक्षिण कोरियाबाट आठसय ८८, जापानबाट सातसय ६४ र भुटानबाट सायसय दुई जना पर्यटक नेपाल आएका छन् । रासस

# ऋण लेनदेनपछि स्थानीय तहबाट प्रमाणीकरण गराइने

काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले साहु र ऋणीबीच ब्याजमा आर्थिक लेनदेनको कारोबार भएपछि स्थानीय तहबाट प्रमाणीकरण गर्ने कानुनी व्यवस्थाको प्रस्ताव गरिएको बताउनुभएको छ ।

राष्ट्रियसभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा प्राप्त 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०' माथिको सैद्धान्तिक छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री गुरुङले त्यस्तो व्यवस्था गर्दा वास्तविक ऋण लिनेहरु नठगिने र नक्कली पीडित हुने समस्या नहुने स्पष्ट गर्नुभयो । विधेयकमा ऋण लेनदेन भएका छ महिनाभित्र दुवै पक्ष (साहु र ऋणी) स्थानीय तहमा गएर प्रमाणीकरण गर्नुपर्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो । यस्तो प्रबन्धले लिने र दिने दुवै त्रसित हुन नपर्ने उल्लेख गर्दै मन्त्री गुरुङले सही नियतले गरिने अँचोपैचो रोक्ने विधेयकको मनशाय नभएको स्पष्ट पार्नुभयो ।

सो विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको छ । सो विधेयकमाछि संशोधन पेस गर्न सांसद्हरुलाई आग्रह गरिएको छ । सामन्तवादका अवशेष अन्त्यका लागि नै सो विधेयक ल्याएको स्पष्ट गर्दै उहाँले राज्यका औपचारिक वित्तीय संस्था आम जनताका बिचमा बढीभन्दा बढी पहुँचमा लगिँदै आएको बताउनुभयो ।

मिटर ब्याजको समस्यामा राजनीतिक र प्रहरी क्षेत्रका उच्च तहका व्यक्ति संलग्न भए पनि कानुन बनेपछि पीडक र पीडित छुट्याएर पीडिकलाई कारबाही गरिने उहाँले बताउनुभयो । मन्त्री गुरुङले उक्त विधेयक समयमा सदनमा ल्याउन नसकेकामा नेपाल सरकारका तर्फबाट माफी माग्दै राष्ट्रियसभाबाट पारित भएपछि यही असार ६ गते विधेयक सांसद्हरुको पिजन हलमा उपलब्ध गराइएको स्पष्ट गर्नुभयो ।

विधेयकको सैद्धान्तिक छलफलमा सांसदहरु दीलेन्द्रप्रसाद बडू, पदम गिरी, सुमना श्रेष्ठ, माधव सापकोटा, रामकृष्ण यादव, राजकिशोर यादव, सुशीला श्रेष्ठ, मुक्ताकुमारी यादव, रामहरि खतिवडा, राजेन्द्रकुमार केसी, प्रेम सुवाललगायतले भाग लिनुभएको थियो । रासस

# 'आलु र प्याजमा कर नबढाऔँ'

काठमाण्डु । सांसदहरुले दैनिक उपभोग्य वस्तुमा करको दायरा नबढाउन सुझाव दिनुभएको छ । प्रतिनिधिसभाको आइतबार बसेको बैठकमा आर्थिक विधेयक, २०८० माथिको छलफलका क्रममा सांसदहरुले आलु र प्याजलगायत दैनिक उपभोग्य बस्तुमा कर नबढाउन माग गर्नुभएको हो ।

छलफलका क्रममा सांसद अमृतलाल राजवंशीले विदेशबाट मोबाइल फोन भित्र्याउँदा लाग्ने करले वैदेशिक रोजगारमा गएका श्रमिक मारमा परेको बताउनुभएको हो ।

सांसद रेखा यादवले पुर्खौली घरजग्गामा लाभकर हटाउनुपर्ने माग गर्नुभयो ।सांसद रञ्जुकुमारी झाले आलु र प्याजमा लागेको कर हटाउन माग गर्नुभयो ।

सांसद भगवती चौधरीले पनि दैनिक उपभोग्य वस्तुमा कर नबढाउन माग गर्नुभयो । उहाँले आत्मनिर्भर नभएका वस्तुको आयातमा कर बढाउन नहुने धारणा राख्नुभयो । रासस

# मधेश प्रदेशमा रासायनिक मलको अभाव नहुने



वीरगन्ज । बर्सेनि धानखेतीको समयमा रासायनिक मलको अभाव झेल्दै आएका मधेश प्रदेशका किसानलाई यस वर्ष मलको समस्या नहुने जनाएको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड मधेश प्रदेश प्रादेशिक कार्यालय वीरगन्ज पर्साले यस वर्ष असार महिनासम्म चाहिने जति मल गोदाममा रहेको र अन्य मल आउने क्रममा रहेकाले यस वर्ष धानखेतीको समयमा रासायनिक मल अभाव नहुने जनाएको छ । कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय वीरगन्ज पर्साका प्रमुख चन्द्रप्रसाद चम्लागाईँका अनुसार हाल युरिया छ हजार मेट्रिक टन र डिएपी तीन हजार मेट्रिक टन मल गोदाममा छ ।

गोदाममा मौज्दात रहेको मल असारसम्मका लागि पुग्ने र साउनको पहिलो साता थप मल आउने भएकाले यस वर्ष धानखेतीको समयमा मल अभाव नहुने प्रमुख चम्लागाईँको भनाइ छ । कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय वीरगन्ज पर्सामा चालु आव २०७९/८० को १० महिनामा एक लाख ७० मेट्रिक टन रासायनिक मल प्राप्त भएको छ ।

चालु आव २०७९/८० को साउनदेखि वैशाखसम्ममा एक लाख मेट्रिक टन युरिया र ७० हजार मेट्रिक टन डिएपी मल प्राप्त भएको प्रमुख चम्लागाईँले जानकारी दिनुभयो । यसबाहेक थप २०-२० हजार युरिया र डिएपी खरिदका लागि बोलपत्र स्वीकृत गर्ने प्रक्रियामा रहेको र सो बोलपत्र स्वीकृत भएर मल आए पनि मलको माग अत्यधिक रहेकाले त्यो २०८० असारसम्म मात्र धान्न सकिने प्रमुख चम्लागाईँले बताउनुभयो ।

"अहिलेसम्म युरिया र डिएपी गरी एक लाख ७० हजार मेट्रिक टन मल आइसक्यो, ५० हजार मेट्रिक टन मल आउने क्रममा छ र ४० हजार मेट्रिक टन मल बोलपत्र स्वीकृत प्रक्रियामा छ", प्रमुख चम्लागाईँले भन्नुभयो, "हामीकहाँ आइसकेको, आउने क्रममा रहेको र बोलपत्र खरिद प्रक्रियामा रहेको मल सबै आयो भने पनि त्यो साउनसम्म धान्न सक्ने देखिन्छ ।" थप मलका लागि प्रक्रिया सुरु भइसकेकाले धानखेतीको समयमा मल अभाव नहोला कि भन्ने हाम्रो अनुमान छ", प्रमुख चम्लागाईँले भन्नुभयो ।

"धानखेतीको मुख्य सिजन असार, साउन र भदौमा रासायनिक मलको माग अत्यधिक हुन्छ, त्यो बेलासम्म अहिले प्राप्त भएको वा आउन लागेको मल पर्याप्त नभए पनि यस वर्ष साह्रै अभावचाहिँ नहोला ।" त्यसैले धानखेतीको समयमा चाहिने थप मल खरिदका लागि अहिले नै प्रक्रिया सुरु गर्नुपर्छ", उहाँले भन्नुभयो ।

जिटुजीमार्फत खरिद भएको रासायनिक मल प्राप्त भएलगत्तै जिल्ला जिल्लामा मल पठाउन थालिएको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्ज पर्साले जनाएको छ । रासायनिक मल अभाव हुन नदिन मल प्राप्त भएलगत्तैबाट मलखाद्य बाँडफाँट भएअनुसार जिल्ला-जिल्लामा मल पठाउँदै आएको प्रमुख चम्लागाईँले बताउनुभयो ।

मुलुकभर करिब सात लाख मेट्रिक टन रासायनिक मलको आवश्यकता रहे पनि हाल मागको करिब ५० प्रतिशत पनि आपूर्ति हुन नसक्दा बर्सेनि मलको हाहाकार हुने गरेको उहाँले बताउनुभयो । मागबमोजिम आपूर्ति नभए पनि अघिल्लो आव २०७८/७९ को तुलनामा चालु आव २०७९/८० मा बढी मल आएको जनाएको छ ।

अघिल्लो आव २०७८/७९ मा युरिया ६० मेट्रिक टन र डिएपी ४० मेट्रिक टन मल आएको थियो । उहाँका अनुसार मधेश प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले मधेश प्रदेशमा वर्षभरिका लागि चार लाख ६३ हजार मल चाहिने भन्दै पत्र पठाएको छ । "यसरी हेर्दा अहिले आइरहेको मल मधेश प्रदेशकै लागि पनि अपुग हुने देखिन्छ", प्रमुख चम्लागाईँले भन्नुभयो, "यस्तो स्थितिमा कसरी मल पुर्‍याउन सकिन्छ, सम्भव नै देखिँदैन ।" त्यसैले बर्सेनि मल अभाव हुनु स्वभाविक नै हो, उहाँको कथन छ ।

सो कार्यालयमार्फत मधेश प्रदेशको आठवटै जिल्ला, बागमती प्रदेशका १० जिल्ला र गण्डकी प्रदेशको तनहुँ, लमजुङ, गोरखा, कास्की, पर्वतलगायतका जिल्लामा रासायनिक मल पठाउँदै आएको छ । बर्सेनि डिएपी र युरिया मल आपूर्ति कम भएपछि किसानलाई मलखाद्यको समस्या हुने गरेको नेपाल कृषक महासङ्घ मधेश प्रदेशका अध्यक्ष मुक्ति यादवले बताउनुभयो । मागअनुसार मलको आपूर्ति नहुदाँ बर्सेनि किसान मलका लागि डिलर चहार्ने गरे पनि सहजरूपमा पाउने अवस्था नरहेको उहाँको भनाइ छ । रासस

# तरकारी र फलफूल आयात कम गरिनेछ : मन्त्री महत

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले सरकारले स्वदेशभित्रको उत्पादनकर्ता साना किसानलाई प्रोत्साहन गर्दै विदेशबाट तरकारी र फलफूल आयात कम गरिने बताउनुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा आर्थिक विधेयक, २०८० मथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री डा महतले मुलुकका किसानले उत्पादनको उचित मूल्य नपाएको र बिचौलियाको चलखेल भएको सम्बन्धमा सरकार गम्भीर भएको उल्लेख गर्दै साना किसानको उत्पादन बजारमा लैजाँदा भ्याट नलाग्ने स्पष्ट गर्नुभयो । उहाँले गरिब तथा साना किसानका उत्पादनलाई प्रोत्साहन गर्न तरकारी र फलफूलमा आयात कम गर्दै जाने तथा स्वदेशी उत्पादनलाई प्रश्रय दिने नीति लिएको उल्लेख गर्नुभयो । मन्त्री डा महतले विभिन्न नाममा विदेश जाने नेपाली पर्यटकलाई करको प्रबन्ध गरी स्वदेशभित्रको पर्यटन वृद्धि हुने वातावरण सिर्जना गर्ने सोच बजेटमा राखिएको स्पष्ट पार्नुभयो ।रासस

# 'केही व्यापारिक घरानालाई सहयोग पुग्ने गरी करको व्यवस्था किन ?'

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले सरकारले निश्चित व्यापारी घरानालाई सहयोग पुग्ने गरी करको व्यवस्था गरिएको आरोप लगाउनुभएको छ ।

प्रतिनिधिसभाको आइतबार बसेको बैठकमा आर्थिक विधेयक, २०८० माथि सांसद सुमना श्रेष्ठ र शिशिर खनालले प्रस्तुत गर्नुभएको संशोधनलाई समर्थन गर्दै झाले कर व्यवस्था आम जनतालाई मारमा पार्ने किसिमको भएको भन्दै आपत्ति जनाउनुभएको हो ।

"समाजवादको अभ्यास गर्ने दाबी गर्दै गर्दा किन हामी केही व्यापारी घरानालाई सहयोग पुग्ने बजेट बनाउँछौ ?", उहाँले भन्नुभयो, "पेन्सिलको सार्पनर, बच्चाहरुले प्रयोग गर्ने सामानमा कर बढाउने तर एउटा पुस्तालाई बिगारिरहेको इलेक्ट्रोनिक चुरोट र सुर्तिजन्य पदार्थमा कर नबढाउने ?"

उहाँले दैनिक उपभोग्य तरकारी आलु र प्याजमा कर बढाएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो । तर देश आत्मनिर्भर भइरहेको उत्पादनलाई लक्षित गरेरै माछा मासुमा कर हटाएको उहाँको आरोप छ ।रासस

# प्रतिनिधिसभाबाट आर्थिक विधेयक पारित

काठमाण्डु । प्रतिनिधिसभाको आइतबारको बैठकले आगामी आर्थिक वर्षका लागि करका दरको प्रबन्ध गरिएको आर्थिक विधेयक, २०८० बहुमतले पारित गरेको छ ।

बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । विधेयकमाथि परेका संशोधन प्रस्तावहरु बहुमतले अस्वीकृत भएपछि विधेयक पारित भएको हो। विधेयकमाथि सांसदहरु प्रेम सुवाल, सुमना श्रेष्ठ, शिशिर खनालले संशोधन प्रस्ताव पेस गर्नुभएको थियो । प्रतिनिधिसभाको आइतबारको बैठकमा आर्थिक विधेयक, २०८० माथि संशोधनको प्रस्ताव गर्दै सांसद सुवालले एनसेललाई पुँजीगत लाभकरमा छुट दिएकोबारे संसदमा प्रश्न उठाउनुभयो । सरकारले विभिन्न निजी कम्पनीबाट वर्षौंसम्म कर उठाउन नसकेको आरोप उहाँको आरोप छ । सांसद सुवालले हेलो नेपाल मुक्तिश्री' र 'सिनर्जी नेपाल'बाट वर्षौंसम्म कर उठाउन नसकेको भन्दैसरकारको ध्यानआर्कषण गराउनुभयो ।

सांसद सुमना श्रेष्ठले आर्थिक विधेयक, २०८० माथि संशोधन प्रस्तुत गर्दै भन्सारमा लाग्ने करमाथि प्रश्न उठाउनुभयो । उहाँले विद्युतीय धुम्रपानका वस्तुमा भन्सार शुल्क लगाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "इलेक्ट्रोनिक चुरोट, व्यक्तिगत विद्युतीय धुम्रपानका वस्तुमा भन्सार कर लगाइएको छैन । जबकी बालबालिकाले प्रयोग गर्ने पेन्सिल, सार्पनरमा १० प्रतिशत भन्सार कर लगाइएको छ ।रासस


गुठी संस्थान
शाखा कार्यालय
जलेश्वर, महोत्तरी

## बोलपत्र स्वीकृतका लागि छनोट गर्न आशयको सूचना

प्रकाशित मिति : २०८०।०३।१८

गुठी संस्थान शाखा कार्यालय महोत्तरी अन्तर्गत गुठी तैनाथी जग्गाहरु मिति २०७९।१२।२८ गतेको जनकपुर टुडेका प्रकाशित सूचना अनुसार दर्ता हुन आएको बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको कबुल अंक अत्यधिक सारभुत रुपमा प्रभावकारी भई गुठी संस्थान प्रधान कार्यालयको च.नं. १२१७ मिति २०८०।२।२८ को पत्रानुसार तथा गुठी तैनाथी घर जग्गा लिज तथा वहालमा दिने सम्बन्धी निर्देशिका २०७८ बोजिम बोलपत्रदाता मणीन्द्र कुमार झा धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४ को नाउँमा स्वीकृत भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | बोलपत्रदाताको नाम | स्वीकृत भएको | कबुल अंक |
|---|---|---|---|
| १ | मणीन्द्र कुमार झा | उमाप्रेमपुर विभिन्न कित्ता क्षे.फ. २०-१५-१९ जग्गा, धिरापुर ६ क, कि.नं. ३२६ क्षे.फ. १२-१७-० ६क, कि.नं. ६५६ क्षे.फ. ३-१९-१४ ९क, कि.नं. २८६ क्षे.फ. १९-१-० मध्ये ४०-०-० जग्गा | ११६९५४५०।- |

कार्यालय प्रमुख



## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, जनकपुर धनुषाका तपसिलमा उल्लेखित ऋणीलाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना

**(मिति २०८०/०३/१८ गते सोमवारको जनकपुर टुडे पत्रिकामा प्रकाशित)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले बिभन्न शिर्षक अन्तरगत लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएकोले तहाँलाई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । यसो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी कम्पनी, ऋणीको कम्पनीको संचालक तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय जनकपुरमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/०४/२९ गते सोमवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय जनकपुरमा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

**ऋणी, जमानतकर्ता तथा धितोको विवरण :**

| | |
|---|---|
| **ऋणी** : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०६/२० मा दताई भई दर्ता नं.१५७२६१/०७३/०७४ कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०७३/०७/१२ (मु.अ.कर दर्ता मिति २०७३/०७/१०) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र न. ६०४३३९१८२ को दर्ता प्रमाणपत्र प्राप्त धनुषा जिल्ला, जनकपुर उ.म.न.पा.वडा नं. ०८ स्थित रजिष्ट्रर्ड ठेगाना रहेको **शिवाय कन्सट्रक्सन्स् एण्ड ट्रेड लिंक प्रा.लि.** । | **सञ्चालक तथा जमानतकर्ता : प्रदिप कुमार झा** (ना.प्र.नं. ६४३००९७८ जारी मिति २०५३/१०/०६ जि.प्र.का. महोत्तरी) । ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा.वडा नं. ६ (साविक महोत्तरी जिल्ला, नैन्ही गा.वि.स.वडा नं. २ । बाबु : विजय नाथ झा । बाजे : परमहँश झा । |
| **सञ्चालक तथा जमानतकर्ता : विजय नाथ झा** (ना.प्र.नं. ६४३००५८ जारी मिति २०४५/१२/१३ जि.प्र.का. महोत्तरी ) । ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा.वडा नं.६ (साविक महोत्तरी जिल्ला, नैन्ही गा.वि.स. वडा नं. २) । बाबु : परमहँश झा । बाजे : कृष्ण झा । | **जमानतकर्ता : दिलिप कुमार झा** (ना.प्र.नं. ६४३००९७७ जारी मिति २०५३/१०/०६ जि. प्र. का. महोत्तरी ) । ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा.वडा नं. १२ । बाबु : विजय नाथ झा । बाजे : परमहँश झा । |
| **जमानतकर्ता :श्रीमती कल्पना झा** (ना.प्र.नं. ७६०८४६७० जारी मिति २०४१/११/०८ जि.प्र.का. महोत्तरी ) । ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा.वडा नं. ६ (साविक महोत्तरी जिल्ला, नैन्ही गा.वि.स.वडा नं. २) । ससुरा : परमहँश झा । पति : विजय नाथ झा । | **जमानतकर्ता : निशु कुमारी ठाकुर** (ना.प्र.नं. १६१०५५/३३६ जारी मिति २०६८/०९/१४ जि.प्र.का. सप्तरी ) । ठेगाना : सप्तरी जिल्ला, छिन्नमस्ता ग.पा.वडा नं. ६ (साविक सप्तरी जिल्ला,कोचाबखारी गा.वि.स.वडा नं.३) । बाबु/ससुरा : योगेन्द्र ठाकुर/विजय नाथ झा । पति : प्रदिप कुमार झा । |

**लिलाम बिक्री हुने सम्पत्तीको विवरण :**

१. श्रीमती कल्पना झाको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ०९ नक्सा सिट नं. १३५५-०७ स्थित कि.नं. १२० क्षेत्रफल ०-०-९-०(१५२.३९ ब.मि.) विगाह र ऐ.ऐ. वडा नं. ०९ नक्सा सिट नं. १३५५-०८ स्थित कि.नं. ११ क्षेत्रफल ०-१-२-० (बिगाह)को घर जग्गा र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत................१

२. **ऋणी शिवाय कन्सट्रक्सन्स् एण्ड ट्रेड लिंक प्रा.लि.** को स्टक तथा चालु सम्पत्तीहरु उपर हाइपोथिकेशन सुरक्षण समेत ।

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुर**बाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुरमा** सम्पर्क राख्न सकिनेछ ।

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८

